# परिच्छेद : एक

# शोध-परिचय

## १.१ शोध-शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **प्राथमिक तहमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीहरूको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तावित शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय तानसेन बहुमुखी क्याम्पस पाल्पाअन्तरगत नेपाली भाषा शिक्षण विभागको स्नातकोत्तर तह (एम. एड्.) द्वितीय वर्षको कोड नं. ५९८ को प्रयोजनका निम्ति तयार पारिएको हो ।

## १.३ शोधसमस्या

नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्ने नेपाली जनता ४८.६१% (पाठ्यक्रम विकास केन्द्र, २०६५) छन् । विभिन्न भाषिक समुदायको माध्यम भाषा पनि नेपाली नै रहेको छ । वि. सं. १९५८ सालमा देव शमशेरले भाषा पाठशालाको स्थापना गरे पछि शुरु भएको नेपाली भाषा शिक्षणले एकसय दश वर्षमा पाइला टेकेको छ तर  शिक्षण गर्दा प्रयोग गर्ने शैक्षिक सामग्रीको बारेमा खोज अनुसन्धान भने नगन्य मात्रामा भएको छ । नेपाली भाषा कक्षा १ देखि स्नातक तहसम्म अनिवार्य विषयका रूपमा शिक्षण गर्ने गरिन्छ । अड्डा अदालतमा समेत काम काजको  भाषा नेपाली नै रहेको छ । हाल कतिपय विद्यालयमा दोश्रो भाषा शिक्षणका रूपमा नेपाली भाषालाई नै शिक्षण गरिएको छ । नेपाली सञ्चार

माध्यम तथा विदेशी सञ्चार माध्यमहरूले पनि नेपाली भाषालाई नै समाचार सम्प्रेषणको माध्यम बनाएका छन् । नेपालमा मात्र होइन भारतका विभिन्न विश्वविद्यालयहरूले पनि नेपाली भाषालाई ऐच्छिक विषयमा राखेका छन् । यसले के प्रमाणित गर्छ भने नेपाली भाषाको क्षेत्र व्यापक र विस्तृत हुदै गएको छ । विभिन्न गोष्ठी सेमिनारमा समेत नेपाली भाषामा कार्यपत्र प्रस्तुत गरिन्छ । नेपाली भाषाको व्यापकता यहाँ- सम्म आइपुग्दा विद्यालय तहमा नेपाली भाषा जो सुकैले पनि पढाउन सक्छ भन्ने विचारले गर्दा शिक्षण क्रियाकलापकारूपमा खास विकास हुन सकेको छैन । नेपाली भाषी विद्यार्थीले नेपाली भाषामा जति धेरै कुरा बुझ्न सक्छन् अन्य भाषामा शिक्षण गर्दा त्यति धेरै नबुझ्न सक्छन् तर हाल यस विषयमा वास्ता गरिएको पाइँदैन । भाषालाई सरल, सरस, बोधगम्य तरिकाले शिक्षण गर्न आधुनिक शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । नेपाली भाषा शिक्षण गर्दा आवश्यक पर्ने शैक्षिक सामग्रीको सैद्धान्तिक चर्चा गरिए पनि गुल्मी जिल्लाको प्राथमिक तहमा भाषाशिक्षण गर्दा प्रयोग गर्ने शैक्षिक सामग्रीको प्रयोगको अवस्थाका बारेमा अनुसन्धान एवम् अन्वेषण र विश्लेषण गरिएको पाइँदैन । यही वास्तविकतालाई स्वीकार गरी प्रस्तुत शीर्षकमा शोधकार्यलाई अघि बढाइएको छ ।

नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्री उपयोग गर्ने सन्दर्भमा कुनै पनि विद्यालय र शिक्षक अनभिज्ञ छैनन् तर यसको प्रयोग सन्दर्भमा धेरै समस्याहरू छन् । त्यही समस्याका कारण यसको खास उपयोग हुन नसकेको तीतो यथार्थता यहाँ छ । यो यथार्थतालाई बुझी यस शीर्षकमा शोधकार्य गरिएको छ । अतः नेपाली भाषा शिक्षण गर्दा प्रयोग हुने शैक्षिक सामग्रीहरू, त्यसको प्रयोग र यसलाई प्रयोगमा ल्याउन देखिएका समस्यामाथि केन्द्रित भएर वास्तविकताको खोजी गर्न यो शीर्षक छनोट गरिएको छ र यिनै समस्याको समाधानमा यो शोधपत्र केन्द्रित रहेको छ । गुल्मी जिल्लाका प्राथमिक तहका विद्यालयहरूमा शैक्षिक सामग्रीको वर्तमान स्थितिलाई आधार बनाएर समस्यालाई निम्नलिखित बुँदामा प्रस्तुत गर्दै शोधकार्यलाई अघि बढाइएको छ ।

(क) शैक्षिक सामग्री भन्नाले के बुझिन्छ र नेपाली भाषा शिक्षणमा उपयोग गर्न सकिने शैक्षिक सामग्री के-कस्ता छन् ?

(ख) गुल्मी जिल्लाको प्राथमिक तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति कस्तो छ ?

(ग) नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोग गर्दा देखिएका समस्याहरू के-के छन् ?

## १.४ शोधको उद्देश्य

कुनै पनि कार्य सही ढङ्गले सम्पन्न गर्नको निमित्त निश्चित योजना बनाउनु पर्दछ । विना योजना कार्य थालेमा त्यो लक्ष्य प्राप्ति हुन सक्दैन । तसर्थ यो शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) शैक्षिक सामग्रीहरूको सामान्य सिद्धान्तका साथ नेपाली भाषा शिक्षणमा आवश्यक शैक्षिक सामग्रीको परिचय दिनु ।

(ख) गुल्मी जिल्लामा प्रा.वि. तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति पहिल्याउनु ।

(ग) नेपाली भाषा शिक्षण र शैक्षिक सामग्री उपयोगमा देखिएका समस्या पत्ता लगाई निष्कर्ष र सुझाव दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली भाषालाई माध्यम भाषाको रूपमा स्वीकार गरेर त्यही ढङ्गले शिक्षण भइरहेको वर्तमान सन्दर्भमा पनि नेपाली भाषा शिक्षण गर्ने पुरानो शैलीमा हालसम्म पनि परिवर्तन हुन सकेको छैन । भाषालाई प्रवचन विधिद्वारा शिक्षण गर्ने चलनले बालबालिकामा जसरी भाषाको विकास हुनुपर्ने हो सो अनुरूप विकास भएको अवस्था छैन । नेपाली भाषा शिक्षण गर्दा प्रयोगमा ल्याउन सकिने शैक्षिक सामग्रीको दिनानुदिन आविष्कार भइराखे पनि धेरै शिक्षकहरू त्यसको बारेमा अनभिज्ञ रहेको अवस्था छ । यसका सम्बन्धमा हालसम्म व्यवस्थित र व्यापक रूपमा खोज, अध्ययन र अनुसन्धान भएको पाइँदैन ।

नेपाली भाषा शिक्षणमा सरलता ल्याउनु आजको आवश्यकता हो । राष्ट्रभाषामा जति विद्यार्थीले बुझ्न सक्छन्, अन्य भाषाको माध्यमबाट त्यति धेरै विद्यार्थीले कुरा बुझ्न सक्दैनन् । त्यसका निम्ति भाषिक सीपको विकास बालबालिकामा गराउनु पर्दछ । भाषाबाट नै कला र संस्कृतिको विकास हुन सक्छ । नेपाली भाषालाई विद्यार्थीको रुचिको विषय बनाउन शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य छ । शैक्षिक सामग्रीको प्रयोगले बालबालिकामा भाषा सिकाइप्रति

रुचि उत्पन्न हुन्छ । त्यसै गरी सैद्धान्तिक ज्ञानलाई व्यवहारिक ज्ञानमा ढाल्नको निमित्त शैक्षिक सामग्री उपयोगी हुन्छ । यसो भएकाले नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति, यसको प्रयोगबाट हुने फाइदा, यसको प्रयोगमा देखिएका समस्या सम्बन्धमा अध्ययन, अनुसन्धान हुनु आवश्यक छ ।

शिक्षा ऐन २०२८ जारी भएपछि शिक्षणको माध्यम एउटै भएकाले भाषा शिक्षणका निम्ति दिनानुदिन केही मात्रामा भए पनि नयाँ नयाँ शैक्षिक सामग्री निर्माण र आविष्कार भइरहेका छन् । नेपाली भाषा राष्ट्रभाषाको दर्जामा पर्ने भएकाले यसको शिक्षण सिकाइमा सरलता ल्याउनु अत्यावश्यक छ । राष्ट्रको विकासको निम्ति हरेक क्षेत्रमा राष्ट्रभाषाले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । भाषाका माध्यमबाट मुलुकको सम्पूर्ण कला र संस्कृतिको विकास गर्न सकिन्छ । त्यसकारण नेपाली भाषालाई सुबोध्य र सुपाच्य ढङ्गले शिक्षण गर्न शैक्षिक सामग्रीको आवश्यकता रहेको देखिन्छ । विद्यार्थीको रुचि, चाहना, इच्छाबमोजिम शिक्षण गर्न र विद्यार्थीलाई विषयवस्तुप्रति आकर्षित गरी सैद्धान्तिक ज्ञानलाई प्रयोगात्मक पक्षमा ढाल्नको निम्ति शैक्षिक सामग्रीको नै सान्दर्भिकता झल्किन्छ । त्यसो भएकाले नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको स्थिति कस्तो छ ? शैक्षिक सामग्री प्रयोगबाट के फाइदा हुनसक्छ ? शैक्षिक सामग्रीको आवश्यकता किन पर्छ ? भन्ने सम्बन्धमा अध्ययन र अनुसन्धान हुनु अत्यावश्यक छ ।

शैक्षिक सामग्रीका विषयमा विष्णु घिमिरेले (वि.सं. २०५४) 'कक्षा १, २, ३ का नेपाली भाषापाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन' नामक शोधपत्र मा चर्चा गरेका छन् । यिनले आफ्नो अध्ययनमा भाषा शिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्रीको उल्लेख नगरी पाठ्यपुस्तकभित्र राखिएका चित्रहरूको मात्र व्याख्या गरेका छन् ।

नगेन्द्रप्रसाद रेग्मीले (२०५४) 'शैक्षिक सामग्री उपयोग एक अध्ययन' शीर्षकमा कीर्तिपुर मा.वि.को अध्ययन गरेका छन् । यसमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत् प्राक्टिकम अध्ययनको आधारमा तयार पारिएको र शैक्षिक सामग्री सम्बन्धी सामान्य विश्लेषण गर्दै रेग्मीले केही समस्या एवम् समाधानका उपायहरूलाई मात्र औंल्याइएका छन् ।

तोयनाथ खनालले (वि.सं. २०५५) 'कक्षा ५ मा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूको अध्ययन' नामक शोधपत्रमा नेपाली भाषाशिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको चर्चा गर्दै नेपाली भाषाशिक्षण गर्दा प्रयोग भएका सामग्रीको रूपमा कालोपाटी प्रयोग नगर्ने शिक्षकहरू ६ जना भएको र कालोपाटीमा पाठ शीर्षकमात्र लेख्ने शिक्षकहरू एकजनामात्र भएको कुरालाई देखाएका छन् । प्रस्तुत अध्ययन विशेषगरी नेपाली भाषाशिक्षण गर्दा कक्षा ५ मा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन मात्र भएको हुँदा यसमा शैक्षिक सामग्री प्रयोग सम्बन्धी आंशिक रूपमामात्र चर्चा गरिएको छ ।

ज्ञानप्रसाद भट्टराईले (वि. सं.२०५५) 'कक्षा एकमा नेपाली भाषाशिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको एक सर्वेक्षण' शीर्षकमा शैक्षिक सामग्रीबारे अनुसन्धान गरेका छन् । उनको अध्ययन कक्षा १ को नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोग भएको छ, छैन ? सर्वेक्षण गर्ने क्रममा सरकारी र निजी विद्यालयको शिक्षकहरूले नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरेका शैक्षिक सामग्रीबीच भिन्नता छ, छैन ? शहरी र ग्रामीण क्षेत्रमा सञ्चालित विद्यालयका शिक्षकहरूले नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरेका शैक्षिक सामग्रीहरूबीच भिन्नता के कस्ता छन् ? यिनीहरूबीच शैक्षिक सामग्री प्रयोग सम्बन्धमा शिक्षकको काम गराई र कुरा गराई बीच भिन्नता छ, छैन ? जस्ता उद्देश्यमा केन्द्रित छ । उनले आफ्नो शोधमा कक्षा १ मा नेपाली भाषाशिक्षणमा शिक्षकले सबभन्दा बढी कालोपाटीको प्रयोग गरेका, सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा शैक्षिक सामग्री बढी प्रयोग गरेका र सरकारी र निजी विद्यालयमा काम गराइबीच भिन्नता रहेको नेपाली भाषाशिक्षकले पाठ्यक्रम, विषयवस्तु प्रस्तुतिकरण, शिक्षक निर्देशिका आदिको प्रयोग गरेका विषयबारे निष्कर्ष प्रस्तुत गरेका छन् ।

निमानन्द भुषालले (वि.सं.२०५९) 'अर्घाखाँची जिल्लाको माध्यमिक तहमा नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको उपयोगको वर्तमान स्थिति' नामक शोधपत्र तयार गरी १२ वटा विद्यालयमा शैक्षिक सामग्री उपयोगको सम्बन्धमा अध्ययन अनुसन्धान गरेका छन् । माध्यमिक तहमा नेपाली भाषाशिक्षण गर्दा प्रयोगमा ल्याइएका र ल्याउन सकिने शैक्षिक सामग्रीको बारेमा अध्ययन अनुसन्धान गर्दै यिनले ती सामग्रीको उपयोगको महत्त्वलाई औंल्याएका छन् र प्रस्तुत शोधपत्रमा नेपाली भाषाको शिक्षणका निम्ति शैक्षिक सामग्री महत्त्वपूर्ण साधनको रूपमा रहेको विश्लेषण गरेका छन् । नेपाली

भाषाशिक्षण गर्नका निम्ति शैक्षिक सामग्री निर्माण हुन नसकेको, तालिमको अभावले शैक्षिक सामग्री बारेमा अनभिज्ञ रहेको, निरीक्षण प्रणाली खुकुलो भएको र परम्परागतरूपमा अध्यापन कार्य भएको विषय उल्लेख गरेका छन् ।

मानबहादुर रानाले (२०६०) जाजरकोटका विद्यालयहरूमा 'कक्षा १ नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन' शीर्षकमा शैक्षिक सामग्रीको प्रयोग उपर अनुसन्धान गरेका छन् । उनले जिल्लाका अधिकांश भागमा कालोपाटी, पाठ्यपुस्तक, मौखिक लिखित प्रश्नहरू शैक्षिक सामग्रीको रूपमा प्रयोग भएको देखाएका छन् । प्रस्तुत शोधपत्रमा विशेषगरी व्याख्यान विधिलाई नै उपयोगमा ल्याएको उल्लेख गरेका छन् र तालिम प्राप्त शिक्षक र अप्राप्त शिक्षकबीच शैक्षिक सामग्री प्रयोगमा विभेद भएको पनि देखाएका छन् ।

राधारमण खतिवडाले (२०६१) 'नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री सम्बन्धी एक अध्ययन' शीर्षकमा सामग्री उपयोग विषयमा अनुसन्धान गरेका छन् । उनले उदयपुर जिल्लाका माध्यमिक तहको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोग तथा उपयोगको स्थिति पहिचान गर्ने, नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको वास्तविकता पहिचान गर्ने, सम्पन्न तथा विपन्न, सुगम तथा दुर्गम क्षेत्रका माध्यमिक तहमा प्रयोगमा ल्याएका भाषिक शैक्षिक सामग्रीको तुलनात्मक अध्ययन गर्ने, शैक्षिक सामग्री प्रयोग गर्दा र नगर्दाको नेपाली शिक्षणबाट प्राप्त हुने उपलब्धिको लेखाजोखा गर्ने, नेपाली भाषाशिक्षण गर्दा शैक्षिक सामग्री सम्बन्धी समस्याको पहिचान गरी निराकरणका लागि सुझाव दिनेजस्ता मुख्य उद्देश्यमा केन्द्रित रही व्याख्या विश्लेषण गरेका छन् ।

यज्ञबहादुर खत्रीले (२०६४) 'दोलखा जिल्लाका कक्षा ८ मा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन' नामक शोधपत्रमा नेपाली भाषाशिक्षण पूरानै प्रचलनबाट चल्दै आएको र पूरानै विधिले वर्तमान एक्काइसौं शताब्दीको भाषा शिक्षण गर्दा पनि कोरा व्याख्या मात्र भएको पुष्टि गरेका छन् । उनले शैक्षिक सामग्री प्रयोग गर्ने तालिमप्राप्त शिक्षकको सही मूल्याङ्कन हुन नसकेको कुरा देखाइएका छन् । ग्रामीण क्षेत्रमा शिक्षकको कार्यभार बढी भएकाले शैक्षिक सामग्रीको नमुना पनि पाउन गाह्रो भएको निष्कर्ष निकालेका छन् । यिनले शैक्षिक सामग्रीको माध्यमबाट कुनै पनि कुराको सिलसिला बुझ्ने, सिकाइ दिगो हुने, तार्किक ढङ्गले चिन्तन, मनन र विश्लेषण गर्न सक्ने कुराको पुष्टि गरेका छन् ।

लक्ष्मीमाया श्रेष्ठले (२०६४) 'गोरखा जिल्लामा प्राथमिक तहको नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्री उपयोगको एक अध्ययन' शीर्षात्मक शोध गरेकी छन् । उनले उक्त शीर्षकमा शहरी र ग्रामीण क्षेत्रको स्थलगत अध्ययन गरी शहरी क्षेत्रकाभन्दा ग्रामीण क्षेत्रका विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग निम्न भएको चर्चा गरेकी छन् ।

दिलभक्त राइले (२०६७) 'खोटाङ जिल्लाका प्राथमिक तहमा नेपाली शिक्षणका सन्दर्भमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति : एक अध्ययन' शीर्षकमा नेपाली भाषा शिक्षण परम्परागत पद्धति मा चलेको देखाएका छन् । यसरी परम्परागत प्रविधिबाट सञ्चालित भाषाशिक्षण नत प्रभावकारी हुन्छ नत रोचक सिर्जनात्मक नै हुन्छ अनि नत भाषिक सीपको विकासमा टेवा पुग्छ भन्ने कुरा उल्लेख गर्दै भाषाशिक्षण आफैमा जटिल एवम् नीरस विषय भएको चर्चा गरेका छन् । शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीहरूमा विषयवस्तुको स्पष्ट धारणा बन्ने क्रमिक एवम् सिलसिलावद्ध रूपमा शिक्षण प्रक्रिया अघि बढ्ने र कुनै शीर्षक तथा विषयवस्तुमाथि तार्किक ढङ्गले चिन्तन-मनन गर्ने बानीको विकास हुने कुरा देखाएका छन् ।

राजेन्द्र ज्ञवालीले (२०६७) 'गुल्मी जिल्लाका माध्यमिक तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति' शीर्षकमा शोध र अध्ययन गर्दै उनले उक्त शीर्षकमा आर्थिक अभावले शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्न नसकेको , विद्यालयमा नियमितरूपमा अनुगमन नहुनाले शैक्षिक सामग्री उपयोगमा समस्या आएको , स्थानीय तहमै पाईने शैक्षिक सामग्रीको वारेमा समेत शिक्षकहरू अनभिज्ञ रहेको विषयमा प्रकाश पारेका छन् साथै यिनले नेपाली भाषा शिक्षण गर्दा पनि के शैक्षिक सामग्री चाहिन्छ र ? भन्ने जस्तो कमजोर मानसिकता रहेको निश्कर्ष निकालेका छन् ।

यसरी माध्यमिक तह सञ्चालन भएका सामुदायिक तथा संस्थागत विद्यालयका प्राथमिक तहमा र शुद्ध प्रा. विद्यालयमा शैक्षिक सामग्री प्रयोगको अवस्था अध्ययन र समस्याका बारेमा थप खोज, अध्ययन अनुसन्धान गर्न आवश्यक देखिएकोले प्रस्तुत शोध प्रस्ताव उपर केन्द्रीत हुदै यसबारे स्पष्ट र यथार्थ विषयको प्रकाश पार्न यो शोध कार्य सम्पन्न गरिएको छ ।

## १.६ शोधको क्षेत्र र सीमा

प्रस्तावित शोधपत्र नेपाली भाषा शिक्षण गर्दा प्रयोग गर्न सकिने शैक्षिक सामग्री , यसको प्रयोगको अवस्था र यसमा देखिएका समस्यासँग सम्बन्धित रहेको छ । यस सन्दर्भमा पनि गुल्मी जिल्लाका सामुदायिक विद्यालयहरू मध्ये ७ ओटा विद्यालयहरूलाई चयन गरिएको छ । छनोटमा परेका विद्यालयमा गई ती विद्यालयको अवस्था अध्ययन गरिनुका साथै प्र.अ., नेपाली भाषा शिक्षक, विद्यार्थीहरूसँग प्रत्यक्ष भेटघाट, शिक्षण कार्यकलापको कक्षा अवलोकन गरी शैक्षिक सामग्री उपयोगको अध्ययन गरिएको छ । यस शोध कार्यको सीमा र क्षेत्रभित्र गुल्मी जिल्लाका सामुदायिक र संस्थागत गरी ७ ओटा विद्यालयहरूको यादृच्छिक चयन गरिएको र ती निम्न रहेका छन् :-

**तालिका नं. १**

**शोध कार्यक्षेत्रभित्र पर्ने विद्यालयहरूको नामावली**

| क.सं. | विद्यालयको नाम | ठेगाना | विद्यालयको किसिम | स्थायी स्वीकृति तह |
|---|---|---|---|---|
| १ | श्री काब्रेपोखरी मा.वि. | जुभूङ्ग-२, गुल्मी | सामुदायिक | प्रा. वि. |
| २ | श्री थाक्सीपोखरा मा. वि. | वलिथुम-८, गुल्मी | सामुदायिक | नि.मा.वि. |
| ३ | श्री सिद्धबाबा उ.मा.वि. | तम्घास, गुल्मी | सामुदायिक | प्रा.वि. |
| ४ | श्री उपल्लो तम्घास | तम्घास, गुल्मी | सामुदायिक | प्रा.वि. |

| | | | | |
|---|---|---|---|---|
| | मा.वि. | | | |
| ५ | श्री रिडर्स पव्लिक हाई स्कूल | तम्घास, गुल्मी | संस्थागत | मा. वि. तह अनुमति |
| ६ | श्री खड्गदेवी ई.वो.स्कूल | जुभूङ्ग, गुल्मी | संस्थागत | प्रा. वि. तह अनुमति |
| ७ | श्री रैनादी प्रा.वि. | बलिथुम, गुल्मी | सामुदायिक | प्रा.वि. |

## १.७ शोधको औचित्य

भाषा शिक्षण भनेको भाषिक सीपको शिक्षण हो । प्राचीनकालमा भाषा केवल मौखिक सञ्चारको रूपमा थियो भने आज आएर शिक्षण पद्धति र शैक्षिक सामग्रीको प्रयोग क्षेत्र व्यावहारिक र प्रयोगात्मक बन्नपुगेको छ । नेपालको सन्दर्भमा नेपालको अन्तरिम संविधान २०६३ ले प्राथमिक तहसम्म मातृभाषामा शिक्षा लिन पाउने व्यवस्था गरेको छ तर सबै ठाउँमा त्यस किसिमको जनशक्ति नहुदा नेपाली भाषा नै माध्यम भाषाको रूपमा रहेको छ साथै मातृभाषामा शिक्षा लिएका विद्यार्थीहरूलाई दोश्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्नुपर्दा शिक्षण गर्न कठिन भएको छ । यसरी नेपाली भाषा शिक्षणलाई सरल, सहज, सरस र प्रभावकारी बनाउनको निमित्त शैक्षिक सामग्रीको छनोट र प्रयोगमा ध्यान दिनुपर्दछ । यस शैक्षिक सामग्री उपयोगको सन्दर्भमा गरिने शोधले शैक्षिक नीति निर्माता र कार्यरत शिक्षकहरूका लागि शैक्षिक महत्त्व हुने भएकाले शोधकार्य गर्नु सान्दर्भिक देखिएको छ ।

प्राथमिक तहमा नेपाली भाषा शिक्षण कुशलतापूर्वक नभएमा अन्य विषय शिक्षण र सिकाइमा समेत असर परेको देखिन्छ । त्यसै गरी यसले विद्यार्थीको कक्षा सहभागिता, सिर्जनात्मकतामा समेत प्रभाव पार्ने निश्चित छ । नेपाली भाषा नपढाएर अन्य भाषा पढाउँदा आफूलाई ठूलो ठान्ने प्रवृत्ति र नेपाली भाषा शिक्षण गर्न सरल छ भन्ने ठानेर शिक्षण गर्ने प्रवृत्तिले यो समस्या सिर्जना भएको हुनसक्छ । तसर्थ यसको निराकरणका लागि योजनाबद्ध

शिक्षण र पर्याप्त शैक्षिक सामग्रीको प्रयोग एकमात्र उपाय हुनसक्छ । त्यसतर्फ सरोकारवालालाई सचेत तुल्याई समस्या समाधानमा सहयोग पुग्ने हुनाले यो शोध बढी उपयोगी हुनेछ ।

नेपाल सरकारबाट हाल विद्यार्थीको चौतर्फी विकासका निमित्त शैक्षिक सामग्री सङ्कलन, खरिद र प्रयोगका लागि ठूलो धनराशी विद्यालयमा दिएको अवस्था छ । तर त्यसको सही सदुपयोग भएको वा नभएको बारेमा अनुगमन र निरीक्षण नभएको अवस्था  छ । यस शोधले त्यससँग सम्बन्धित सरोकारवालालाई सचेत तुल्याउने हुनाले यसको औचित्य बेग्लै भएको स्वतः स्पष्टिन्छ ।

## १.८ शोधविधि

अनुसन्धानको क्रममा अनेकौं विधिहरू प्रचलनमा आएका छन् । ती विधिहरू मध्ये शोधकार्यको निम्ति विशेष गरी नमूना छनोट विधिको उपयोग गरिएको र यस सन्दर्भमा गुल्मी जिल्लाका ७ वटा विद्यालयहरूमा उपस्थित भई कक्षा अवलोकन गरिएको छ । यस क्रममा नेपाली भाषा शिक्षक, प्रधानाध्यापक र विद्यार्थीसँग केही प्रश्नावली तथा अन्तरवार्ताको माध्यमबाट उल्लेखित तथ्यहरू सङ्कलन गरिएको छ । यसका साथै भाषा शिक्षणको समयमा शैक्षिक सामग्री उपयोगमा प्रभाव पार्न सक्ने शिक्षकहरूको योग्यता, तालिम, विद्यार्थी संख्या, कक्षाकोठाको अवस्था र सामग्री निर्माणजस्ता विषयको तथ्य विवरण प्राप्त गर्ने काम गरिएको छ । प्राप्त तथ्यहरूलाई वर्गीकरण, तालिकीकरण, संख्यात्मक गणनाद्वारा व्यवस्थित गरी त्यसैको आधारमा वर्णनात्मक विश्लेषण विधिद्वारा व्याख्या गरिएको छ । यसका लागि निम्नानुसारको अध्ययन विधिको प्रयोग गरिएको छ ।

(अ) **प्राथमिक स्रोत**

अध्ययनको प्राथमिक स्रोतको रूपमा  शिक्षक, विद्यार्थी, प्र.अ. हरूको प्रश्नावली र अन्तरवार्ता साथै छुट्टाछुट्टै कक्षा अवलोकनबाट प्राप्त अनुभव र दृष्टिकोण रहेको छ ।

(आ) **द्वितीय स्रोत**

अध्ययनको द्वितीय स्रोतअन्तर्गत पाठ्यपुस्तकहरू, पत्रपत्रिकामा प्रकाशित लेखहरू, पाठ्यक्रम, शिक्षक निर्देशिका र प्रकाशित तथा अप्रकाशित शोधग्रन्थहरू रहेका छन् ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

परिच्छेद-एक : शोध परिचय

परिच्छेद-दुई : नेपाली भाषाशिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीको परिचय

परिच्छेद-तीन : गुल्मी जिल्लास्थित प्राथमिक तहको शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति

परिच्छेद-चार : नेपाली भाषा शिक्षण र शैक्षिक सामग्री उपयोगमा देखिएका समस्या र समाधानका उपाय

परिच्छेद-पाँच : निष्कर्ष, सुझाव तथा उपसंहार

सन्दर्भग्रन्थ सूची

परिशिष्ट : प्रश्नावली तथा कक्षा अवलोकन फारम

# परिच्छेद : दुई

# नेपाली भाषा शिक्षणमा उपयोग हुने शैक्षिक सामग्री

## २.१ शैक्षिक सामग्रीको परिचय

शैक्षिक योजनाले राखेका उद्देश्यहरू परिपूर्ति गर्ने क्रममा प्रयोगमा ल्याउन सकिने सामग्रीहरू नै शैक्षिक सामग्री हुन् जसको प्रयोगबाट अमूर्त कुरालाई मूर्त रूप दिन शिक्षक, विद्यार्थी दुवै पक्षबाट सहयोग पुग्दछ । मानिसले सुनेको कुरा बिर्सन्छ, देखेको कुरा सम्झन्छ र भोगेको कुरा बुझ्दछ । शिक्षण सिकाइलाई उद्देश्यपूर्ण, आकर्षक, रोचक र उत्प्रेरक बनाउन शैक्षिक सामग्री बढी उपयोगी हुन्छन् । शिक्षण सिकाइका क्रममा प्रयोग गर्न सकिने श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्री एवम् अन्य सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ । केही शिक्षाविद् तथा विद्वान्हरूले दिएको परिभाषालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

"शैक्षिक सामग्री भन्नाले पठन-पाठनमा प्रयोग हुने सहायक सामग्री मात्र होइन । यसले विद्यार्थीहरूमा अन्तर्निहीत क्षमतालाई प्रकटीकरण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह  गर्दछ" (ओ जोशी र साथी, सन् १९७४) ।

शिक्षण सहायक सामग्रीको प्रयोगद्वारा पाठलाई प्रभावशाली र रोचक बनाउन सकिन्छ भन्ने कुरा एउटा मान्य सिद्धान्त बनिसकेको छ । त्यस्ता सहायक सामग्रीहरू श्रव्य, दृश्य र श्रव्यदृश्य गरी तीन प्रकारका हुन्छन् । श्रव्यअन्तर्गत शिक्षकले मौखिक रूपले प्रस्तुत गर्ने, उदाहरणहरू, व्याख्याहरू, शब्द प्रयोगहरू आदि तथा अन्य वैज्ञानिक सामग्रीहरू  पर्दछन् । दृश्य सामग्रीहरू अन्तर्गत् कालोपाटी, तालिका र पोष्टर आदिलाई लिइन्छ भने श्रव्यदृश्य अन्तर्गत टेलिभिजन, सिनेमा, अभिनय आदिलाई लिइन्छ" (डा. राम सकल पाण्डेय, सन् १९८० : ३९४) ।

"शिक्षकको सफलता यसमा निर्भर रहन्छ कि कक्षामा दिएको ज्ञान बालकले अधिक मात्रामा ग्रहण गर्छ । प्रत्येक शिक्षकको यही उद्देश्य हुन्छ । यस उद्देश्यको सरल, सरस बनाउन प्रयत्न गर्नुपर्छ । आफ्नो लक्ष्य पूरा गर्नका लागि विषय सामग्री र सहायक सामग्रीले रोचक बनाउँछ । यो वैज्ञानिक सत्य छ कि शिक्षा आर्जनका लागि बालकमा इन्द्रियहरूको अत्याधिक क्रियाशीलता हुनुपर्दछ । त्यसपछि मात्र बालकले ज्ञान प्राप्त गर्न सक्छ कुनै विषयको वर्णन सुनेर भन्दा सम्बन्धित विषयमा नै कुनै वस्तु देखेर उसले ज्ञान प्राप्त गर्न सकेमा लामो समयसम्म सम्झिरहन सक्छ" (के छेत्रीया, सन् १९८९ : ३९०) ।

"कक्षामा अध्यापन गर्दा विद्यार्थीहरूलाई सजिलो किसिमबाट बुझ्ने गरी सिकाउन हामी जे-जे प्रयोग गर्छौं ती सबैलाई शैक्षिक सामग्री भनिन्छ" ( रेडियो शिक्षा शिक्षण तालिम पुस्तिका, वि.सं. २०४८) ।

“पाठ्यपुस्तकमा दिइएका पाठका अतिरिक्त ती पाठहरूलाई स्पष्ट गर्न त्यसरी स्पष्ट गर्दा चाहिने उपयुक्त वातावरण बनाउन र सिकाइलाई स्थायी रूप दिन उपयोग हुने सामग्री नै शैक्षिक सामग्री हुन्” (प्राथमिक शिक्षा तालिम पुस्तिका, वि.सं. २०५५ : १८४) ।

यसरी शैक्षिक सामग्रीको प्रयोगले सिकाइलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ जसबाट हाम्रा ज्ञानेन्द्रियले प्रत्यक्ष अनुभव गर्ने मौका पाउँछन् । यसका साथै विद्यार्थीहरूलाई उत्प्रेरणा प्रदान गर्ने काम पनि गर्दछ । शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा वास्तविक ज्ञान हासिल हुनसक्छ । यसले शिक्षकको कार्यबोझलाई घटाउन सहयोग गर्छ । शिक्षण गर्ने विषयवस्तु साध्य हो भने प्रयोग गरिने सामग्री साधन हुन् । आज यसको प्रयोगमा व्यापकता आएको छ । शिक्षण सिकाइको परम्परागत धारणालाई छोडेर आधुनिक ढङ्गले शिक्षण गर्न यस्ता शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य छ । भाषाशिक्षण ज्ञानको मात्र शिक्षण नभई भाषिक सीपको पनि शिक्षण भएको हुनाले विद्यार्थीलाई सुनिश्चित तवरबाट सीप हासिल गराउन विभिन्न शैक्षिक सामग्री उपयोगमा ल्याउन आवश्यक हुन्छ ।

## २.२ शैक्षिक सामग्रीको उपयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

नेपालीभाषा शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोग गर्नुपूर्व केही निश्चित कुरामा ध्यान पुऱ्याउनु पर्दछ । अव्यवस्थित ढङ्गबाट शैक्षिक सामग्रीको प्रयोग गरिएमा खोजिएको उपलब्धि हासिल नहुन सक्छ । शैक्षिक सामग्री उपयोग पूर्व ध्यान दिनुपर्ने कुराहरू यसप्रकार रहेका छन् र तिनलाई बुँदामा यसरी प्रस्तुत गरिएको छ :-

१. पाठअनुसारका शैक्षिक सामग्रीको छनोट गर्नुपर्छ ।

२. शैक्षिक सामग्री कक्षाकोठामा व्यवस्थित ढङ्गले राख्नु पर्दछ ।

३. अध्यापन गर्ने तह, पाठको प्रसङ्ग र कक्षाकोठाको अवस्था अनुसार शैक्षिक सामग्री प्रयोग गर्नुपर्दछ ।

४. माथिल्ला कक्षामाभन्दा तल्ला कक्षामा शैक्षिक सामग्रीको उच्चतम् प्रयोग गरिनुपर्दछ ।

५. पूर्व योजनाअनुसार शैक्षिक सामग्रीको प्रयोग गरिनु पर्दछ ।

६. सबैले देख्ने गरी सामग्रीको प्रयोग गर्नुपर्दछ ।

७. कक्षाको आयतन अनुसारको आकारमा शैक्षिक सामग्री निर्माण गरिनु पर्दछ ।

८. जतिबेला पनि प्रयोग नगरेर सन्दर्भ अनुसार मात्र यसको प्रयोग गरिनु पर्दछ ।

९. भयानक, वीभत्स आवाज आउने उपकरण प्रयोग गर्नु हुँदैन ।

अतः शैक्षिक सामग्रीको माथि उल्लेखित सैद्धान्तिक पक्षका आधारमा त्यसलाई स्पष्टतः उल्लेख गर्न निम्न तालिकाका माध्यमबाट प्रस्तुत गरिएको छ :-

**तालिका नं. २**

**शैक्षिक सामग्रीको विवरण**

| मौखिक सामग्री | श्रव्य सामग्री | दृश्य सामग्री | श्रव्यदृश्य सामग्री | स्पर्श सामग्री | मुद्रित सामग्री |
|---|---|---|---|---|---|
| प्रश्न | रेडियो | सेतोपाटी | सिनेमा | नुनिलो | क्यालेन्डर |
| उदाहरण | टेपरेकर्डर | कालोपाटी | टेलिभिजन | चुकिलो | सन्दर्भ पुस्तक |
| | ग्रामोफोन | फलाटिन पाटी | भिडियो | धारिलो | शिक्षक निर्देशिका |
| | टेलिफोन | चुम्बकीय पाटी | कम्प्युटर | चिल्लो | पत्रपत्रिका |
| | लिंग्वा रेकर्डर | प्रक्षेपक/प्रोजेक्टर | नाटक | चिसो | लेख रचना |
| | | ओभरहेड | भाषा प्रयोगशाला | तातो | पाठ्यपुस्तक |
| | | स्लाइड | | तीतो | शब्दकोश |
| | | अपारदर्शी | परिभ्रमण | पीरो | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पत्तीहरू | सि सि टिभी | गुलियो | |
| | | अक्षरपत्ती | | | |
| | | शब्दपत्ती | | | |
| | | वाक्यपत्ती | | | |
| | | गोजि तालिका | | | |
| | | शब्दकोश | | | |
| | | तस्वीर | | | |
| | | मानचित्र | | | |
| | | तालिका | | | |
| | | प्रतिमूर्ति | | | |
| | | नक्सा | | | |
| | | रेखाचित्र | | | |
| | | वास्तविक वस्तु | | | |
| | | शिक्षण मेसिन | | | |

## २.३ भाषाशिक्षणमा शैक्षिक सामग्रीको उपयोगिता

भाषाशिक्षणलाई सरल, सरस, सबल र प्रभावकारी बनाउन शैक्षिक सामग्रीको आवश्यकता हुन्छ । शैक्षिक सामग्रीविना भाषाशिक्षण उद्देश्यपूर्ण हुन सक्दैन । शैक्षिक सामग्रीले शिक्षणलाई सजीव तुल्याउँछ । अन्य विषय शिक्षण गर्दा पनि शैक्षिक सामग्री अनिवार्य भएजस्तै नेपालीभाषा शिक्षण गर्दा पनि यो अपरिहार्य छ । शिक्षकले एकोहोरो भाषण गरेर आफ्नो शिक्षण कार्य पूरा भएको ठान्दछ भने त्यो मूर्खता हुन्छ । कम्तिमा शिक्षकले पाठ्यपुस्तक, शिक्षक

निर्देशिकाजस्ता सामग्रीको प्रयोग गर्नैपर्छ । त्यसका साथसाथै सिकाइलाई जीवन्त गराउने खालका मुद्रित सामग्री भए पनि प्रयोग गर्नुपर्दछ । यसले सिकाइलाई अर्थपूर्ण बनाउँछ र विद्यार्थीको जिज्ञासा पनि हटेर जान्छ ।

भाषाशिक्षणमा श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको महत्त्वपूर्ण स्थान छ । शिक्षाशास्त्रीहरूले इन्द्रियबाट प्राप्त ज्ञानलाई नै विशेष महत्त्व दिएका छन् । उनीहरूको विचारमा बालकले देखेर, छोएर, सुँघेर पनि विषयमा ज्ञान प्राप्त गर्दछ त्यो नै स्थायी हुन्छ । कक्षामा विद्यार्थीले २०% सुनेर, ३०% हेरेर, ५०% हेरेर र सुनेर, ८०% बोलेर, ९०% बोलेर  र गरेर सम्भन्छ । शैक्षिक सामग्रीको प्रयोगले मात्र बालबालिकालाई सिकाइको उच्चतम शिखरमा पुऱ्याउन सकिन्छ । शैक्षिक सामग्रीको प्रयोगले बालबालिकामा नवीन ज्ञान दिलाउन सकिन्छ किनभने नवीन कुरा देखेमा बालबालिका सोंच्न थाल्छन् । जसका कारण उनीहरूमा कल्पना शक्तिको विकास हुन्छ । प्राथमिक तह भनेको उच्च शिक्षाका लागि जग हो । यसले भावी गोरेटो देखाएको हुन्छ । बालबालिकाको भावी गोरेटो परिपक्व बनाउनका लागि कक्षाकोठाभित्र शिक्षकले जिम्मेवारीका साथ विभिन्न क्रियाकलाप गर्नुपर्दछ । ती क्रियाकलाप व्यवस्थित, उद्देश्यपूर्ण र सरल बनाउनका लागि शैक्षिक सामग्री एक उपयोगी साधन  मानिन्छ । शैक्षिक सामग्रीले सिकाइलाई निरन्तरता दिन र पाठमा उत्प्रेरणा जगाउन सजिलो बनाउँछ । "हजार शब्द बोलेर बुभिने कुरा एकै चित्रबाट छर्लङ्ग हुन्छ ।" कान्फुसियसको यो भनाइबाट पनि शैक्षिक सामग्रीको उपयोगिता कति छ भन्ने कुरा प्रष्टिन्छ ।

## २.४ असल शैक्षिक सामग्रीमा हुनुपर्ने विशेषताहरू

भाषा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्री आवश्यक गुणले युक्त हुनुपर्दछ । शैक्षिक सामग्रीमा केही विशेष गुणहरू भएनन् भने शिक्षण सिकाइ रोचक, आकर्षक र प्रभावकारी बन्न सक्दैन । नेपाली भाषा शिक्षणमा उपयोगी हुने शैक्षिक सामग्रीका विशेषता तथा गुणहरूलाई निम्न वमोजिम उल्लेख गर्न सकिन्छ :-

१. शैक्षिक सामग्री स्पष्ट र सफा हुनुपर्दछ ।

२. आकर्षक हुनुपर्दछ ।

३. कम खर्चिलो हुनुपर्दछ ।

४. धेरै अर्थ लाग्ने खालको हुनुहुँदैन ।

५. स्थायी रूपमा उपलब्ध स्रोत र साधनहरूबाट निर्माण र सङ्कलन गरिएको हुनुपर्दछ ।

६. कक्षाकोठा सुहाउँदो उपयुक्त आकारको हुनुपर्दछ ।

७. विद्यार्थीको मानसिक तहसँग मिल्नेखालको हुनुपर्दछ ।

८. विषयवस्तुसँग मेलखाने किसिमको हुनुपर्दछ ।

९. सिकाइमा उत्प्रेरणा जगाउने खालको हुनुपर्दछ ।

१०. भाषा शिक्षकले पूर्णरूपमा प्रयोग सक्ने खालको हुनुपर्दछ ।

### २.४.१ मौखिक सामग्री

शिक्षण सिकाइका क्रममा मौखिक रूपमा प्रस्तुत गरिने सामग्रीलाई मौखिक सामग्री भनिन्छ । भाषा शिक्षणको क्रममा यसको स्थान महत्त्वपूर्ण छ । मौखिक सामग्रीको प्रयोगले विद्यार्थीको उच्चारण शिक्षणमा, शब्दार्थ शिक्षणमा, पठनबोध शिक्षणमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । यस्ता मौखिक सामग्री दुई प्रकारका छन् :-

#### २.४.१.१ प्रश्नहरू

शैक्षिक सामग्रीमा मौखिक सामग्री अन्तर्गत प्रश्न पनि एक महत्त्वपूर्ण सामग्री हो । नेपालका प्रायः धेरै विद्यालयमा यसको प्रयोग प्रचुर मात्रामा भएको छ । शिक्षणको क्रममा प्रश्नहरू सोध्दा विद्यार्थीको ध्यानाकर्षण हुन्छ भने विद्यार्थी कक्षाकार्यकलापमा सक्रिय रूपमा लाग्दछ । यस्ता मौखिक प्रश्नहरू छोटो वा एक वाक्यमा उत्तर आउने खालका हुनुपर्दछ । कक्षा शिक्षणको क्रममा विद्यार्थीको पूर्वज्ञानको जानकारी लिन, स्मरण क्षमता पत्ता लगाउन, नयाँ ज्ञान हासिल गराउन, विद्यार्थीको उत्तर दिने शैली पत्ता लगाउन, विद्यार्थीका कठिनाई पत्ता लगाउन, विद्यार्थीलाई बढी जागरुक बनाउन, सिकेका कुरालाई बढी स्थायी बनाउन प्रश्न सोध्न सकिन्छ ।

शिक्षण सिकाइका क्रममा विभिन्न अवस्थामा विभिन्न किसिमका प्रश्नहरू सोध्न सकिन्छ । विद्यार्थीहरूको पूर्व ज्ञानको जानकारी लिन, पाठसँग सम्बन्धित जिज्ञासामूलक प्रश्न सोध्न सकिन्छ । यस्ता प्रश्नले विद्यार्थीमा पाठप्रति ध्यानाकर्षण हुन्छ । पाठ शिक्षणका क्रममा पाठलाई सरल र सरस ढङ्गले शिक्षण गर्नका लागि विभिन्न बोधप्रश्नहरू सोध्न सकिन्छ । यस्ता बोधप्रश्नले पाठको भाव कतिसम्म ग्रहण गर्न सफल भए सो जानकारी शिक्षकलाई दिन्छ र प्रश्नोत्तर विधिद्वारा शिक्षणलाई अघि बढाउन सकिन्छ । पाठ सिद्धिएपछि विद्यार्थीलाई पृष्ठपोषण दिनका लागि पनि विविध प्रश्न सोध्न सकिन्छ । यस्ता प्रश्नहरूमा वस्तुगत प्रश्न अन्तरगतका बहुवैकल्पिक, खाली ठाउँ भर्ने, ठीक-बेठीक छुट्याउने खालका प्रश्नहरू राख्न सकिन्छ । यसरी शिक्षण सिकाइका क्रममा सोधिने प्रश्नहरूमा निम्न किसिमका विशेषता हुन आवश्यक छ ।

१. प्रश्न पाठसँग सम्बन्धित हुनुपर्छ ।

२. प्रश्न विद्यार्थीको क्षमतासँग सान्दर्भिक हुनुपर्दछ ।

३. प्रश्न छोटा, सरल र स्पष्ट हुनुपर्दछ ।

४. प्रश्न उद्देश्यमूलक हुनुपर्दछ ।

५. प्रश्न स्वभाविक, दोहोरो अर्थ नलाग्ने र उत्तरको सङ्केत नभएको हुनुपर्दछ ।

### २.४.१.२ उदाहरण

उदाहरण पनि एक शैक्षिक सामग्री हो । पाठलाई सरल बनाउन तथा विद्यार्थीमा रुचि सृजना गर्न यसको प्रयोग उल्लेखनीय छ । अमूर्त विषयवस्तुलाई मूर्त बनाई सम्प्रेषणयोग्य बनाउन उदाहरणको प्रयोग गरिन्छ । विषयवस्तुलाई विभिन्न उखान-टुक्का, प्रसिद्ध कथन, चुट्किला, कवितांश आदि प्रयोग गरेर प्रष्ट पार्न सकिन्छ । उदाहरण दिँदा विद्यार्थीको स्तर, योग्यता एवम् ग्रहण शक्तिको ख्याल गर्नुपर्दछ ।

उदाहरण प्रस्तुत गर्दा मौखिक, दृश्य एवम् श्रव्य सामग्री प्रयोग गर्न सकिन्छ । मौखिक उदाहरण कठीन शब्दको शब्दार्थ शिक्षण, पठनबोध शिक्षण गर्दा थप सरल र स्पष्ट पार्न दिन सकिन्छ । उखान-टुक्का, कहानी, चुट्किला, जनश्रुति मौखिक उदाहरणअन्तर्गत पर्दछन् । यिनले सिकाइ र बुझाइमा सरलता ल्याउँछ । यस्ता उदाहरणका प्रयोगले विद्यार्थीमा रुचि पैदा गर्छ र सिकाइमा सरलता ल्याउँछ । यसैगरी शिक्षणका क्रममा उदाहरण दिँदा मौखिक उदाहरण मात्र पर्याप्त नहुने हुँदा श्रव्य-दृश्य सामग्रीको समेत उदाहरण दिन आवश्यक छ । अनुभव गर्न दृष्टि र श्रवण शक्तिको प्रयोग गराउनु पर्दछ । त्यसका लागि प्रत्यक्ष वस्तु वा प्रयोगात्मक कक्षाको वातावरण सृजना गर्नाले बढी आकर्षक र उपयोगी हुन्छ । यसको प्रयोगबाट कक्षाको वातावरण सुन्दर एवम् आकर्षक, मनोरञ्जनात्मक, सुखद र प्रभावपूर्ण बनाउन सकिन्छ ।

### २.४.२ दृश्य सामग्री

दृश्य शैक्षिक सामग्री अन्तर्गत त्यस्ता शैक्षिक सामग्री पर्दछन् जुन सुन्न सकिदैन तर देख्न सकिन्छ । यस्ता शैक्षिक सामग्रीलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा कक्षामा प्रत्यक्ष देख्न सकिन्छ । कुनै विषयवस्तु यस्ता हुन्छन् जुन मौखिक उदाहरणबाट प्रष्ट्याउन सकिदैन, त्यस्ता विषयवस्तुलाई प्रष्ट्याउन र धारणाको विकास गर्न दृश्य सामग्रीको आवश्यकता पर्दछ । नेपालीभाषा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरू यसप्रकार छन् :

### २.३.२.१ कालोपाटी

कालोपाटी दैनिक प्रयोगमा आउने शैक्षिक सामग्री हो । यो आफै प्रस्तुत हुने सामग्री नभई यसमा अन्य सामग्रीहरू प्रस्तुत गरिने साधन वा सामग्री हो । नेपालका धेरै शिक्षण संस्थामा कालोपाटीकै प्रयोग गरिन्छ । कम्तिमा ३'×५' को आकारको कालोपाटीको साटो हरियो, निलो, सेतो रङका पाटीहरू प्रयोगमा ल्याउन सकिन्छ । विद्यार्थीलाई आकर्षित गर्न हरियो, सेतो पाटी प्रयोग गर्ने चलन अहिले नेपालमा पनि बढेको छ । मार्कर बोर्डको प्रयोग धेरै हिसाबले ठीक भएको स्वीकार गरिएको छ । यस्तो पाटी शिक्षण सिकाइका क्रममा विषयवस्तु टिपोट गर्न, पाठ्यवस्तुलाई स्पष्टता दिन, विद्यार्थीको ध्यान आकर्षित गर्न, उच्चारण गराउन, शब्दको अर्थ लेख्न, वाक्य रचना, चित्र निर्माण गर्न, रेखाचित्र निर्माण गर्न, विद्यार्थीलाई अभ्यास गराउन प्रयोगमा ल्याइन्छ । यस्तो पाटीको प्रयोगले विद्यार्थीहरूमा सिकाइप्रति उत्प्रेरणा जागृत हुन्छ भने उदाहरण पनि दिन सजिलो हुन्छ । अतः कालोपाटी प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरूलाई निम्न बुँदाका आधारमा स्पष्ट पारिएको छ :-

(१) कालोपाटी कक्षामा सबैले समान रूपले देख्ने ठाउँमा राख्नुपर्छ ।

(२) कालोपाटीमा अनावश्यक कुरा लेख्नुहुँदैन ।

(३) बढी अँध्यारो र टल्कने ठाउँमा राख्नुहुँदैन ।

(४) कालोपाटीमा लेख्ने अक्षर ठूला र स्पष्ट लेखिनुपर्छ ।

(५) लेखिएका कुराहरू प्रयोगपछि तत्कालै मेट्नुपर्छ ।

(६) कालोपाटीमा लेखिने अक्षर सिधा पङ्क्तिमा लेखिनुपर्छ ।

(७) कालोपाटीको बेला-बेलामा मर्मत संभार वा परिवर्तन गरिनुपर्छ ।

(८) यसमा लेख्दा छेकेर लेख्नु हुँदैन ।

कालोपाटी सही प्रयोग गर्नाले विद्यार्थीहरूमा सिकाइप्रति उत्प्रेरणा जागृत हुन्छ । यसको सहायताले सम्पूर्ण कक्षालाई एकैसाथ पाठ्यवस्तु र उदाहरण तथा गृहकार्य दिन सजिलो हुन्छ । यसर्थ कालोपाटी शिक्षण सामग्रीहरूमध्ये एक महत्त्वपूर्ण दृश्य सामग्री हो ।

### २.४.२.२ फलाटिन पाटी

फलाटिनको कपडाबाट निर्माण गरिने भएकोले यसको नाम फलाटिन पाटी राखिएको हो । यो २४'×३०' आकारको हुन्छ । यसको माथितिर डण्डी छिराएर उजिण्डो राखेर झुण्ड्याउने व्यवस्था मिलाइएको हुन्छ । यसमा कालोपाटीमा लेखेर देखाउन नसकिने कैयौं चित्र, तालिका, पोष्टर आदि तुरुन्त नाटकीय ढङ्गले प्रदर्शन गर्न सकिन्छ । व्याख्या गर्न, प्रश्नोत्तर गर्न, कथा सुनाउन दृश्य साधनको समेत सम्बन्ध गराउनुपर्दा पनि यसको प्रयोग गर्नु राम्रो हुन्छ । फलाटिन पाटीको प्रयोगबाट अक्षर, शब्द, वाक्य, चित्र आदिलाई परिवर्तन गर्दै देखाउन सकिन्छ । यसले गर्दा सिकाई प्रभावकारी बन्न जान्छ । यसमा खाक्सी लगाएर सामग्री टाँस्न मिल्ने बनाउनु पर्दछ अथवा पिनको समेत प्रयोग गर्न सकिन्छ । कम खर्चमा स्थानीय स्तरमै बनाउन सकिने यो सामग्री बढी उपयोगी देखिन्छ ।

### २.४.२.३ चुम्वकीय पाटी

चुम्वकको पाता राखेर निर्माण गरिएको पाटी नै चुम्वकीय पाटी हो । कक्षाकोठामा प्रयोग गर्नुपर्ने शैक्षिक सामग्रीको पछाडिपट्टि फलाम टाँसिएको हुन्छ । यस्ता ठोस सामग्रीलाई सजिलै देखाउन र व्यवस्थित गरेर राख्न सकिन्छ । यी सामग्रीहरू बजारमा छन् । यस्ता सामग्रीहरू भाषाशिक्षणका क्रममा प्रयोग गर्न सके अत्यन्त उपयोगी हुन्छ तर यी सामग्रीहरू अलि महङ्गा भने छन् । तल्ला कक्षाहरूमा यी पाटी झनै उपयोगी छन् किनभने यसमा विद्यार्थीले आफैले गरेर सिक्न पाउँछ ।

### २.४.२.४ शब्द पत्तीहरू

भाषाशिक्षणमा पत्तीहरू निकै उपयोगी सामग्री हुन् । कार्डवोर्ड वा त्यस्तै बाक्लो कागजबाट ४'×५' को आकार वा साना टुक्रा नै पत्ती हुन् । त्यस्तो टुक्रामा लेखिएको अक्षरलाई अक्षरपत्ती भनिन्छ । यस्ता पत्तीअन्तरगत मेटाकार्ड पनि पर्दछ । यसमा केही लामा वाक्य लेखेर फलाटिन पाटीमा प्रदर्शन गर्न सकिन्छ । यस्ता पत्तीबाट अक्षर चिनारी, शब्दार्थ शिक्षण, उच्चारण शिक्षण गर्न सकिन्छ । स्थानीय तहमै बनाउन सकिने भएकोले पनि यो बढी उपयोगी छ ।

### २.४.२.५ गोजीतालिका

भाषाशिक्षणको क्रममा प्रयोग गर्न सकिने उपयोगी शैक्षिक सामग्रीको रूपमा गोजीतालिकालाई लिन सकिन्छ । बाक्लो कागज वा कपडाको प्रयोग गरेर यसको निर्माण गर्न सकिन्छ । कक्षाको आकार अनुसार यो सानो वा ठूलो आकारमा निर्माण गर्न सकिन्छ । यसलाई निरन्तर रूपमा प्रयोगमा ल्याउन सकिन्छ । यसले कक्षालाई रोचक, उद्देश्यपूर्ण बनाउन सक्छ । यसमा शब्दपत्ती, अक्षरपत्ती, वाक्यपत्ती राखेर विद्यार्थीलाई देखाउन सकिन्छ । यसबाट अक्षर चिनारी, शब्दार्थ शिक्षण, श्रुतिसमभिन्नार्थी शब्द कुशलतापूर्वक शिक्षण गर्न सकिन्छ । त्यसैगरी बालबालिकाका उच्चारणगत त्रुटि निराकरणमा पनि यो बढी उपयोगी देखिन्छ । यसमा गोजीको आकार ४'×५' वा पत्तीहरू अटाउन सक्ने खालको बनाउनु पर्दछ ।

### २.४.२.६ ओभरहेड प्रोजेक्टर

ओभरहेड प्रोजेक्टर त्यस्तो शैक्षिक सामग्री हो जसको सहायताले कुनै पनि पाठ्य सामग्री, चित्र, दृश्य, रेखाचित्र, नक्सा आदिलाई पारदर्शी रूपमा प्रदर्शन गर्न सकिन्छ । पारदर्शक प्लाष्टिकमा कलमले लेखेर प्रोजेक्टर यन्त्रमा राखेर भित्तामा ठूलो बनाएर देखाउन यो शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीहरूमा अत्यन्तै रोचकता र उत्सुकता थप्न सकिन्छ ।

**२.४.२.७ एल.सि.डी. प्रोजेक्टर**

यो शैक्षिक सामग्री हाल विकसित भएको सामग्री हो । यसको प्रयोग गर्न सजिलो छ तर यसका लागि कम्प्युटरको ज्ञान भएको शिक्षक हुन आवश्यक छ । यसमा प्रस्तुत गर्ने सामग्री कम्प्युटरमा तयार गरी एल.सी.डी. प्रोजेक्टर यन्त्रमार्फत भित्तामा ठूलो बनाएर देखाउन सकिन्छ । यसका लागि छुट्टै कम्प्युटर ल्यावको व्यवस्था गर्नु आवश्यक हुन्छ । पाठ्य सामग्रीको सरल, सहज, रोचक ढङ्गले प्रस्तुत गर्न यो सामग्री झनै उपयोगी हुन्छ ।

**२.४.२.८ शिक्षण मेशिन**

यो कम्प्युटरमा आधारित शिक्षण यन्त्र हो । यसमा डिजिटल कम्प्युटर, प्रोजेक्टर र विद्युतीय टङ्कण यन्त्र पनि समावेश गरिएका हुन्छन् । यसले विद्यार्थीको उत्तर प्रतिक्रिया जनाउने, विद्यार्थीका प्रश्नका उत्तर दिने, विद्यार्थीलाई कसरी सफल पार्न सकिन्छ भन्ने सुझाव दिनेसमेत कार्य गर्छ ।

अमेरिकी तथा यूरोपियन मुलुकमा विगत एक दशकदेखि शिक्षण मेसिनको प्रयोग भएको छ । यस्ता शिक्षण मेसिनमध्ये निम्न मेसिनहरू प्रचलनमा छन् ॥

१. स्वघोषित शिक्षण मेसिन

२. स्वशिक्षक शिक्षण मेसिन

३. श्रव्य-दृश्य संगठक मेसिन

यस्ता सामग्री उत्पादनले शिक्षक एवम् विद्यार्थीहरूलाई कम समयमा बढीभन्दा बढी सत्य तथ्य ज्ञान प्राप्त गर्न सफलता मिलेको छ । यसको प्रयोग पश्चात् मुलुकमा दिनानुदिन बढ्दै गएको छ । प्रो. एस.बी.ले भनेका छन् -“यस शताब्दीमा मुद्रणको आविस्कारपछि पहिलो पटक शिक्षणमा नौलो

प्रविधिको प्रयोग गरिएको छ । यसले शिक्षणका सम्पूर्ण प्रक्रियाहरूलाई रूपान्तरित गर्नेछ । यद्यपि रूपान्तरण कस्तो हुन्छ ? यो कल्पनाको कुरा हो । आजसम्म आविष्कार भएका सामग्रीमध्ये शिक्षण मेसिन अत्याधुनिक मानिन्छ ।"

शिक्षण मेसिनद्वारा पत्रव्यवहारको माध्यमबाट पनि प्रशिक्षण दिन तथा सिकारूको प्रश्नको उत्तर जाँच्न पनि सकिन्छ । यस पत्रको एक भागमा समस्या टिपोट गरी ठीक उत्तरका लागि विद्यार्थीले स्वीच थिच्नुपर्ने हुन्छ । यसमा एउटा प्रश्नको उत्तर प्राप्त गरेपछि मात्र अर्को प्रश्न प्रस्तुत गर्नुपर्छ । यदि ठीक उत्तर नआएमा पुनः उही प्रश्न दोहोऱ्याउनु  पर्छ । यसको सम्बन्धमा जर्मन शिक्षाविद्ले शिक्षकको अनुपस्थितिमा मात्र यसको प्रयोग गर्ने बताएका छन् । त्यस्तै थ्योडर वार्टम्यानले भनेका छन् -"प्रशिक्षण यन्त्र न शिक्षक हो न त यन्त्र नै यो त शिक्षक विद्यार्थी दुबैको समय बचाउने साधनमात्र हो ।"

पाश्चात्य जगत्मा यसको विकास भइसक्दा पनि नेपाली भाषाशिक्षणमा यसको कुनै अत्तोपत्तो नहुनाले हामी निकै पछाडि छौं । नेपाली भाषाशिक्षणमा शब्दरचना, उच्चारणबोध, गद्यपाठ, पद्यपाठ, नाट्यपाठ, अक्षर एवम् लिपिको बोध, स्वरव्यञ्जनको ज्ञान र वाक्य गठनको ज्ञान आदि गराउन शिक्षण मेसिनको उपयोग सरल, सहज र प्रभावकारी हुने भएकोले जतिसको छिटो यसतर्फ नयाँ-नयाँ आविष्कार गरेर नेपाली शिक्षण क्षेत्रमा सुधारात्मक परिवर्तन ल्याउन आवश्यक छ (ज्ञवाली, २०६७) ।

### २.४.२.९ वास्तविक वस्तु

शिक्षण गर्ने क्रममा कुनै वस्तुको बारेमा जानकारी दिन मौखिक रूपमा उदाहरण दिएरभन्दा वास्तविक वस्तु नै देखाउँदा बढी फलदायी हुन्छ । कुनै विरुवाको बारेमा बताउँदा त्यो विरुवा भएको ठाउँमा लगेर वा त्यो विरुवा कक्षाकोठामा ल्याएर देखाउन सकिन्छ । वास्तविक वस्तुले जति जानकारी दिन सकिन्छ त्यति जानकारी दिन वा धारणा बसाल्न शब्दले सकिँदैन । चित्र र प्रतिमूर्तिभन्दा पनि बढी उपयोगी यो ठहर्छ (ढकाल, २०६६ : ३५१) ।

### २.४.२.१० वस्तु वा प्रतिमूर्ति

कक्षाकार्यकलापको शिलशिलामा कुनै विषयको बारेमा जानकारी दिँदा वास्तविक वस्तुको प्रयोग गर्न नसकेको खण्डमा प्रतिमूर्तिको प्रयोग गर्न सकिन्छ । गाउँ, शहर, हिमाल, मन्दिर, पशुपंक्षी आदि कक्षामा देखाउन सकिदैन त्यस्तो अवस्थामा प्रतिमूर्ति देखाएर त्यसको भावलाई प्रष्ट्याउन सकिन्छ । यसका साथसाथै उच्चारण र बोलाई सीपको विकास गर्न, शब्दभण्डारको विकास गर्न पनि प्रतिमूर्तिको प्रयोग गरिन्छ ।

### २.४.२.११ चित्रहरू

चित्रहरू भाषाशिक्षणमा व्यापक प्रयोगमा आउने सामग्री हुन् । यी प्रसङ्गअनुकूल भाषिक पाठ्यवस्तुको अभ्यास तथा प्रयोग गराउन, भाव तथा विचारलाई प्रष्ट्याउन, उपयुक्त सन्दर्भहरू सिर्जना गर्न, पाठलाई रोचक बनाउन, शब्द, अर्थ र व्याकरिणक नियमहरूको धारणा बसाल्न, खास वातावरणको कुनै दृश्य वा दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण बनाउन आदि विभिन्न उपयोगका लागि अति उपयोगी हुन्छन् । वास्तवमा वास्तविक वस्तु र प्रतिमूर्तिको समेत उपयोग गर्न नसकिने स्थितिमा चित्रहरू निर्विकल्प शिक्षण सामग्री हुनसक्छन् । यिनीहरू शिक्षक आफैले बनाई वा विभिन्न पत्रपत्रिकाबाट सङ्कलन गरी प्रयोग गर्नसकिन्छ । यस्ता चित्रबाट वस्तु, अर्थ, कार्य आदिको धारणा दिनसकिन्छ । बालकलाई रोचक ढङ्गले कथा आदि शिक्षण गर्नुपर्दा व्यङ्ग्यचित्र (कार्टुन) को प्रयोग गर्नु पनि निकै प्रभावकारी हुन्छ । यस्ता चित्रबाट सिकाइलाई अझ बढी स्थायी बनाउन मद्दत मिल्छ । त्यस्तै कुनै व्यक्तिको जीवनी, वस्तु वा स्थानको वर्णन, साहित्यकारको परिचय आदि प्रयोजनका लागि तस्वीर बढी उपयोगी हुन्छ । केही ऐतिहासिक तथा भौगोलिक तथ्य वा प्रसङ्गलाई प्रष्ट्याउनु पर्दा मानचित्रको प्रयोग गर्न सकिन्छ । पोखरा, कैलाशकुट भवन, नालापानीको युद्धजस्ता पाठमा यिनको उपयोग सान्दर्भिक हुन्छ (डा. शर्मा र पौडेल, २०६० : २०७) ।

### २.४.२.१२ चित्रकथा

विशेषगरी प्राथमिक तहमा प्रयोगमा ल्याउन सकिने चित्रकथाका माध्यमबाट कुनै घटनाको बारेमा रमाइलो ढङ्गले शिक्षण गर्न सकिन्छ । चित्रहरू देखाउँदै घटेका घटनालाई वर्णन गर्न र गराउन सकिन्छ । यसबाट विद्यार्थीमा वर्णनात्मक क्षमताको विकास पनि हुन्छ । यस्ता चित्रको माध्यमबाट बालबालिकाले छुट्टै कथा पनि बनाउन सक्छन् ।

### २.४.२.१३ तालिका

पाठमा आधारित प्रमुख वुँदा वा तथ्यहरूलाई छुट्टै कागजमा क्रमवद्ध रूपमा गरिने रेखीय प्रस्तुति नै तालिका हो । व्याकरणका नियम, भाषा साहित्यका सैद्धान्तिक विशेषता, विकासक्रम, साहित्यकारका प्रवृत्तिगत विशेषता आदि कुराको शिक्षणमा तालिकाको प्रयोग गर्नु निकै रोचक र प्रभावकारी हुन्छ । तालिकालाई आरेखका रूपमा पनि प्रस्तुत गर्न सकिन्छ ।

### २.४.२.१४ चार्ट

तथ्य र चित्रको समन्वय गरेर चार्ट निर्माण गर्दा एक चार्टमार्फत धेरै विषयवस्तु शिक्षण गर्न सकिन्छ । आकर्षक चार्ट निर्माण गर्न सकेमा विद्यार्थीको ध्यान केन्द्रित हुने हुँदा शिक्षण बढी प्रभावकारी हुन्छ । यस्ता चार्टहरू वृक्ष आकारका रूपमा, तालिकाका रूपमा निर्माण गर्न सकिन्छ ।

### २.४.२.१५ पोष्टर

पोष्टर एक प्रकारको विज्ञापन स्वरूपको चित्र हो । यो कुनै दर्शकले हेर्नासाथ उसमा त्यसप्रति तुरुन्त आकर्षण बढ्दछ । यस्ता पोष्टर शिक्षणको क्रममा प्रयोग गरेर भाषा, व्याकरण आदि शिक्षण गर्न सकिन्छ ।

### २.४.३ श्रव्य सामग्री

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि सुन्नमात्र प्रयोग गरिने शैक्षिक सामग्रीलाई श्रव्य सामग्री भनिन्छ । भाषाका चार सीपमध्ये सुनाई पनि महत्त्वपूर्ण सीप हो । यस्ता श्रव्य सामग्रीबाट सुनाइ सीपको विकास गराउन सकिन्छ । त्यसैगरी शिक्षकको अनुपस्थिति हुँदाका वखतमा समेत यसको प्रयोग गरेर शिक्षण गर्न सकिन्छ । वर्ण विभेदीकरण लगायतका क्रियाकलाप यसबाट गराउन सकिन्छ । नेपाली विषयका लागि मुख्य गरी टेपरेकर्डर मुख्य मानिन्छ । यस्ता केही श्रव्य सामग्रीको चर्चा यहाँ गरिएको छ ।

#### २.४.३.१ रेडियो

श्रव्य सामग्री अन्तर्गत एक महत्त्वपूर्ण सामग्रीका रूपमा रेडियोलाई लिन सकिन्छ । रेडियो विद्यार्थीहरूका लागि उपयोगी हुने खालका सामग्री प्रसारण भएका हुन्छन् ती सामग्री समय मिलाएर श्रवण गराउन सकिन्छ । रेडियोबाट शिक्षासँग सम्बन्धित शिक्षाशास्त्री, दर्शनशास्त्री एवम् विचारकहरूको भनाइलाई प्रसारण गर्न, सङ्गीत, कला, साहित्य, ज्ञानविज्ञान, बाल, प्रौढ कार्यक्रममा रेडियो मार्फत प्रसारण गरी सिकाइन्छ । अहिले विभिन्न एफ.एम. रेडियोहरूले शैक्षिक कार्यक्रम अन्तर्गत विभिन्न विषयगत विषयवस्तु, प्रश्नोत्तर आदि प्रसारण गरिरहेका छन् । रेडियो शिक्षणबारे आर. जी. रेमण्डले भनेका छन् - 'रेडियो शिक्षण कार्यकलापका लागि अर्थपूर्ण साधन हो । यसले कक्षा शिक्षणलाई प्रभावपूर्ण बनाउँछ र यसका अनन्त सम्भावनाहरू रहेका छन्' ( मुडवरी, २०६८ : १८२) ।

#### २.४.३.२ टेपरेकर्डर

शिक्षा र सिकाइसँग सम्बन्धित पाठ, कथा, कहानी, एकाङ्की, शब्द रचना, वाक्य रचना आदिलाई टेपमा रेकर्ड गरी शिक्षण कार्यमा प्रयोगमा ल्याउन सकिन्छ । टेप रेकर्डरलाई कक्षामा ल्याई शिक्षक विद्यार्थीसँग रही सुन्न लगाएर र छलफलका आधारमा जाने नजानेको विषयमा सुधार गर्ने मौका मिल्न

जान्छ । शिक्षकको अनुपस्थितिमा प्रयोगमा ल्याउन सकिने र प्रभावकारी शिक्षणको लागि प्रयोगमा ल्याइने सामग्री टेपरेकर्डर हो । यसको प्रयोगले विद्यार्थीहरूमा उच्चारण सुधार गर्ने र त्रुटिहरूको विश्लेषण गर्ने कार्य गर्न गराउन सकिन्छ । वर्तमान समयमा सुनाइ, बोलाइ, लेखाइ, पढाइ सीपको परीक्षण गर्न कक्षा १-५ सम्म फरक-फरक अङ्कभार छुट्याइएको छ । तर सो अनुरूप परीक्षण भएको अवस्था भने छैन । माध्यमिक तहमा अंग्रेजी विषयका लागि २५ पूर्णाङ्कको अङ्कभार सुनाइ-बोलाइलाई छुट्याइएको छ र यसको पूर्ण प्रयोग गरिएको अवस्था छ ।

### २.४.३.३ ग्रामोफोन

टेपरेकर्ड जस्तै शैक्षिक सिद्धान्तहरू पाठसँग सम्बन्धित विषयमा ज्ञानलाई कक्षामा सुनाएर छलफलका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । त्यस्तैगरी यसबाट कविता, एकाङ्की, सम्वाद, उच्चारण, सस्वरवाचन, बोलाइका विभिन्न शैली आदिको अभ्यास गराउन सकिन्छ । यो बनिबनाउ सामग्री हो जसलाई बजारबाट किनेर ल्याउनु पर्दछ । नेपालीभाषा शिक्षणका लागि भने यस्ता सामग्रीहरू बजारमा आइसकेका छैनन् ।

### २.४.३.४ टेलिफोन

नेपालीभाषा शिक्षणमा उच्चारण अभ्यास गराउन, श्रुतिबोधको अभ्यास गराउन, बोलाइमा प्रवाहमयता थप्ने अभ्यास गराउन टेलिफोनको प्रयोग गर्न सकिन्छ । यसको प्रयोग आवश्यक परेको बखतमा जुनसुकै बेला गर्न सकिन्छ र यसबाट सोधखोज गरी बौद्धिक ज्ञान आदान-प्रदान गर्न सकिन्छ । आर्थिक दृष्टिले भने यो बढी खर्चालु छ ।

### २.४.३.५ लिंग्वा रेकर्ड

विशेषगरी विद्यालयका तल्ला तहमा विदेशी भाषाको उच्चारण गर्ने सीप विकास गर्न, विषयवस्तुलाई गति, यति, लय मिलाई वाचन गर्ने सीपको विकास गर्न लिंग्वा रेकर्ड प्रयोग गर्न सकिन्छ ।

### २.४.४ श्रव्य-दृश्य सामग्री

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा कक्षाकोठामा शिक्षकले पाठसँग सम्बन्धित सामग्री सुन्न लगाएर र हेर्न लगाएर व्याख्या, विश्लेषण गरी विषयवस्तु स्पष्ट पार्न प्रयोगमा ल्याउने सामग्रीलाई श्रव्य-दृश्य सामग्री भनिन्छ । यस्ता सामग्रीबाट विद्यार्थीहरूले स्वयम् आफ्नै इन्द्रियको सक्रियतामा सिक्न सक्ने भएकाले सिकाइ छिटो र प्रभावकारी हुन जान्छ । श्रव्य-दृश्य सामग्रीको महत्त्वका आधारमा निम्नानुसारको चर्चा यहाँ गरिएको छ ।

### २.४.४.१ चलचित्र (सिनेमा)

कक्षाकार्यकलापका क्रममा ठूलो पर्दामा सचित्र क्रियाकलाप सहित आवाज भरी प्रस्तुत गरिने श्रव्य-दृश्य सामग्रीलाई सिनेमा भनिन्छ । भाषाशिक्षणमा प्रयोग हुने चलचित्र हलमा देखाइने चलचित्रभन्दा भिन्न प्रकृतिका हुन्छन् । यसको प्रयोग गर्ने सन्दर्भमा विद्यार्थीलाई त्यसबारे पूर्ण जानकारी दिनुपर्छ । प्रश्नोत्तर र छलफलका आधारमा चलचित्र देखाउँदै जानुपर्छ । यसको प्रयोगबाट विद्यार्थीमा वास्तविकताको बोध हुने हुँदा गहिरो छाप पर्न गई शिक्षण प्रभावकारी बन्न जान्छ ।

### २.४.४.२ टेलिभिजन

विभिन्न सिकाइ क्रियाकलाप सञ्चालन गर्दा टेलिभिजनको प्रयोगले विद्यार्थीहरूमा रुचि उत्पन्न हुन्छ र सिकाइ प्रभावकारी हुन्छ । उच्चारण, वाक्यगठन, बोध र अभिव्यक्ति क्षमताको अभिवृद्धिका लागि यसबाट प्रसारित कार्यक्रम उपयोगी हुन्छन् । त्यसैगरी शिक्षकले शिक्षण गर्ने विषयवस्तुलाई क्यासेटमा भरेर सि.डि. प्रयोग गरेर टेलिभिजनद्वारा देखाउन सकिन्छ । नेपालीभाषाका लागि टेलिभिजन उपयोगी मानिन्छ । प्रत्यक्ष रूपमा देख्न र सुन्न पाउने हुनाले यसबाट सिकेका विषयवस्तु धेरै समयसम्म टिकाउ रहन्छ ।

**२.४.४.३ अभिनय**

विद्यार्थीहरूलाई पढाउनु पर्ने विषयवस्तुलाई पात्रको रूपमा अभिनय गरी शिक्षण गर्ने विधिलाई अभिनय विधि भनिन्छ । यसरी अभिनय गरी शिक्षण गर्दा विद्यार्थीहरूमा सिकाइप्रति रुचि पैदा हुनुको साथै विद्यार्थीहरूमा सृजनात्मक क्षमता र अन्तरनिहित प्रतिभाको प्रस्फुटन हुन जान्छ । कक्षा सञ्चालनमा अभिनय विधिद्वारा शिक्षण गर्न सकेमा विद्यार्थीमा सिकाइप्रति जागरुकता पैदा हुनुको साथै हीनताबोधी बानी हट्ने र स्वभाविक ढङ्गले बोल्ने बानीको विकास हुन्छ । अभिनय केवल मनोरञ्जन गर्ने साधन मात्र नभएर भाषिक सीप विकास गर्ने साधन हो । विद्यालयका विविध कार्यक्रममा गरिएका क्रियाकलापहरू देखेर, सुनेर विद्यार्थीहरू उचित अनुकरण गर्न सिक्छन् । विद्यार्थीको सुनाइ र बोलाइ सीप विकासमा अभिनयले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

**२.४.४.४ परिभ्रमण**

विद्यार्थीहरूमा सिकेका कुरा दीर्घ स्मरणीय बनाउनका लागि परिभ्रमण एक महत्त्वपूर्ण साधन हुन जान्छ । नेपाली भाषा लगायत सामाजिक, जनसङ्ख्या, विज्ञानजस्ता विषयमा दृश्यात्मक अवलोकन गराए त्यसका बारेमा शिक्षण गर्न सकिन्छ । मौखिक रूपमा भनेको शब्द प्रत्यक्ष देखेर सिकेका कुराले विद्यार्थीहरूमा गहिरो प्रभाव पार्दछ । त्यस्ता ऐतिहासिक स्थलको भ्रमण गराएर उनीहरूलाई आफ्नो स्वतन्त्र विचार राख्न सक्ने, प्रतिक्रिया व्यक्त गर्न सक्ने, शिक्षकसँग विचार विमर्श गर्न सक्ने वातावरण सिर्जना गरी उनीहरूमा यस किसिमका क्षमताको अभिवृद्धि गराउन सकिन्छ ।

### २.४.४.५ भाषा प्रयोगशाला

भाषा प्रयोगशाला एक विशेष कक्षा हो । यहाँ ध्वनि यन्त्रहरू जोडिएका हुन्छन् । विद्यार्थीहरूले अभ्यास गरेर भाषा सिक्ने व्यवस्था यसमा मिलाइएको हुन्छ । छुट्टै कक्षामा टेपरेकर्डरमा रेकर्ड गरिएका सामग्रीहरू श्रवण र अनुकरण गरेर भाषाको मानक रूप सिक्छन् । सन् १९९४ मा अमेरिकाको आहियो विश्वविद्यालयद्वारा विकसित गरिएको यस प्रविधिमा प्रत्येक विद्यार्थीका लागि छुट्टाछुट्टै सिट, माइक्रोफोन र टेपरेकर्डर वोर्डको व्यवस्था गरिएको हुन्छ । यसमा प्रत्येक विद्यार्थीलाई छुट्टाछुट्टै निर्देशन, सहजीकरण गर्न सक्ने अवस्था सृजना गरिएको हुन्छ । एउटा विद्यार्थीले अर्कोलाई नदेख्ने, आफूलाई जानकारी लिन आवश्यक पर्ने कुराहरू सोझै शिक्षकसँग सोध्न सक्ने यो प्रविधिबाट विद्यार्थीले सिक्नुपर्ने विषयवस्तुको पर्याप्त अभ्यास गर्ने दृष्टिकोणले प्रयोगशाला कक्ष निर्माण गरिएको हुन्छ । अमेरिकी भाषा-शिक्षाशास्त्री रिभर्सका भनाईमा “भाषाप्रयोगशाला कुनै विधि होइन, न त यो आफैमा शिक्षक हो यसले शिक्षकको काम नगरेर शिक्षकलाई उसको काम गर्न सघाउ मात्र पुऱ्याउने गर्दछ (डा. शर्मा र पौडेल, २०६० : २१०) । अतः भाषाप्रयोगशाला भाषाशिक्षणलाई बढी प्रभावकारी, अर्थपूर्ण, रोचक र उद्देश्यमूलक बनाउनका निमित्त विकास गरिएको अवधारणा हो । यो आधुनिक शिक्षण विधिको नवविकसित रूप हो ।

### २.४.४.६ कम्प्युटर

कम्प्युटरलाई शैक्षिक साधनको रूपमा नवीनतम् प्रविधि भनिन्छ । कम्प्युटरबाट श्रव्य-दृश्य रूपमा धेरै शैक्षिक सामग्री प्रस्तुत गर्न सकिन्छ । शिक्षाको क्षेत्रमा यसले धेरै कामहरू जस्तैः टाइपिङ्ग, प्रिन्टिङ्ग, भण्डारण, प्रस्तुतिकरण आदि गर्ने भएकाले शैक्षिक सामग्रीको रूपमा यसको माग दिनानुदिन बढ्दो क्रममा छ । अहिलेको वर्तमान समयमा कम्प्युटर, ल्यापटप, नोटबुक आदिको प्रयोगले शिक्षण सिकाइको क्षेत्रमा आमूल परिवर्तन नै ल्याइदिएको छ ( मुडवरी, २०६८ : १८९) ।

### २.३.४.७ सिसिटिभी

सिसिटिभी शैक्षिक क्षेत्रमा प्रयोग गर्न सकिने यस्तो शैक्षिक सामग्री हो जसको प्रयोगद्वारा विद्यालय एवम् कक्षाकोठाको शैक्षिक वातावरणको अवस्था थाहा पाउन र विद्यार्थीहरूको क्रियाकलापको मूल्याङ्कन गर्न सकिन्छ । साथै पूर्व निर्माण गरिएका शैक्षिक सामग्रीहरूको प्रदर्शन यसको सहायताबाट गर्न सकिन्छ । विद्यार्थीको आचरणमा सुधार ल्याउन र नेपाली भाषा शिक्षणसँग सम्बन्धित विषयवस्तुलाई देखाउन यसको प्रयोग उल्लेखनीय छ । नेपालका केही विद्यालयले मात्र यस किसिमको सामग्रीको प्रयोग गरेको अवस्था छ (ऐजन : १८७) ।

### २.४.५ पाठ्य सामग्री

शिक्षण सिकाइ प्रक्रियालाई  प्रभावकारी रूपमा अगाडि बढाउनको लागि मुद्रण गरिएका वा छापिएका शैक्षिक सामग्रीहरूलाई मुद्रित शैक्षिक सामग्री भनिन्छ । यस्ता सामग्रीहरू विद्यार्थीको स्तर र विषयवस्तु अनुसार छनोट, प्रयोग र स्वाध्ययन गर्न  लगाइन्छ । यस्ता सामग्रीहरूमा पाठ्यपुस्तक, पत्रपत्रिका, सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, शब्दकोश आदि पर्दछन् ।

### २.४.५.१ पाठ्यपुस्तक

पाठ्यक्रमले तोकेका उद्देश्यहरूलाई पूरा गर्नका लागि निर्माण गरिएको पाठ्यसामग्रीलाई नै पाठ्यपुस्तक भनिन्छ । शिक्षण सिकाइ क्रियाकलापको सञ्चालनका लागि सहयोग पुऱ्याउने प्रमुख साधनको रूपमा यसलाई लिन सकिन्छ । विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो (बृ. ने शब्दकोश, २०५२ : ८१०) । नेपालीभाषा शिक्षणका लागि पाठ्यपुस्तक एक महत्त्वपूर्ण सामग्री हो । पाठ्यपुस्तकलाई नै सर्वेसर्वा ठानी शिक्षण गरिरहेको वर्तमान सन्दर्भमा यसको प्रयोगमा सुधार ल्याउनु पर्ने देखिन्छ । यसको प्रयोग के वस्तु, विषयवस्तु के

कसरी शिक्षण गर्ने ? कति समय दिने सम्बन्धमा शिक्षकलाई स्पष्ट हुन्छ भने विद्यार्थीलाई गृहकार्य गर्न, अभ्यास गर्न सहयोग पुऱ्याउँछ । अन्य विषयका पाठ्यपुस्तक र भाषापाठ्यपुस्तक बीच केही समानता भने धेरै असमानता देखिन्छन् । भाषापाठ्यपुस्तक सम्बन्धित कक्षाको विद्यार्थीको उमेर, रुचि, स्तर, सिक्ने क्षमता आदि कुरालाई समेटेको हुनुपर्दछ तथा भाषिक सीप विकास गर्नसक्ने खालको हुनुपर्दछ ।

**२.४.५.२ शिक्षक निर्देशिका**

शिक्षकलाई शिक्षण गर्ने सन्दर्भमा सहयोग पुऱ्याउने उद्देश्यले विषयवस्तु कति ? कसरी ? कतिसमयमा ? कुन सामग्रीको प्रयोग गरेर शिक्षण गर्ने ? भन्ने कुराको विस्तृत विवरण भएको निर्देशिका पुस्तिकालाई शिक्षक निर्देशिका भनिन्छ । यसमा सम्बन्धित पाठको नाम, अनुमानित घण्टी, सम्बन्धित पाठ शिक्षणको प्रयोजन, शिक्षकले गर्नुपर्ने कार्यकलाप र विद्यार्थीलाई गराउनुपर्ने कार्यकलापका बारेमा स्पष्ट किटान गरिएको हुन्छ । एकदिनमा एक पाठ नै सिध्याएर बाँकी दिनमा त्यही पाठ दोहोऱ्याउँदै जाने वर्तमान शिक्षण पद्दतिमा यसले पक्कै पनि सुधार ल्याउन सक्छ । यसले भाषाका सीप विकासमा सहयोग पुऱ्याउँछ ।

शिक्षक निर्देशिकाको प्रयोगले शिक्षकलाई पाठको पूर्व तयारी गर्न, शैक्षणिक योजनाहरू निर्माण गर्न, शैक्षिक सामग्रीको छनोट गर्न, शिक्षण विधिको चयन गर्न, क्रियाकलापको छनोट गर्न, मूल्याङ्कन विधिको छनोट गर्न र तालिम अप्राप्त, कम अनुभवी शिक्षकलाई सहयोग गर्न सहयोग पुग्दछ । साथै शिक्षणलाई उद्देश्यपूर्ण बनाउन, वस्तुगत र व्यवस्थित ढङ्गले अगाडि बढाउन र शिक्षकको कक्षा प्रवेश सार्थक बनाउन पनि यसको महत्त्वपूर्ण स्थान छ ।

**२.४.५.३ सन्दर्भ सामग्रीहरू**

पाठ्यपुस्तकको जस्तो गहन अध्ययन गर्नु नपर्ने तर उद्देश्यसँग सम्बन्धित विषयवस्तुको थप जानकारी दिने खालका सामग्रीलाई सन्दर्भसामग्री भनिन्छ । भाषिक सीप विकासका लागि पाठ्यपुस्तक मात्र पर्याप्त हुँदैन । यस्तो अवस्थामा पाठसँग सम्बन्धित अन्य सन्दर्भसामग्रीको आवश्यकता पर्दछ ।

यस्ता सन्दर्भसामग्रीले भाषाका विविध सीप, शैली र संरचनाका बारेमा विशेष जानकारी दिई चिरस्थायी धारणा निर्माण गर्न तथा ती धारणाहरूको विविध भाषिक कार्यमा प्रभावकारी प्रयोग उपयोग गर्नसक्ने भाषिक क्षमता अभिवृद्धि गर्न सहयोग पु¥याउँछन् । व्यक्तिभित्र लुकेर रहेका क्षमता प्रस्फुटित गरी नेपाली भाषाको ज्ञान, क्षमता र सीपको विकासमा नेपाली विषयको सन्दर्भमा सामग्रीले ज्यादै महत्त्व राख्दछन् । यस्ता सन्दर्भसामग्रीहरूमा बालकथा, कविता, चुट्किला आदि रहेका छन् । विविध विषयमा थप जानकारी लिन, शब्दभण्डारको विकास गर्न, पठनक्षमताको विकास गर्न र शैलीको अनुभव लिन पनि सन्दर्भसामग्री उपयोगी हुन्छन् । विद्यालयले कक्षा र तहअनुसार यस किसिमका सन्दर्भसामग्रीको उपयोग गर्नु आजको आवश्यकता हो ।

### २.४.६ स्पर्श सामग्री

कतिपय अवस्थामा श्रव्य, दृश्य, श्रव्यदृश्य तथा मौखिक सामग्रीको प्रयोग गरेर शिक्षण गर्दा पनि शिक्षण गर्न खोजिएको कुरा स्पष्ट गर्न सकिदैन । त्यस्तो अवस्थामा स्पर्श गरी धारणा स्पष्ट गर्न सकिने सामग्रीको उपयोग गर्न सकिन्छ जस्तै : तातो, चिसो, नरम, कडा, धारिलो, लेस्याइलो, झन्झनाउने आदि धारणा दिन यस्ता स्पर्श सामग्री उपयोग गर्न सकिन्छ । प्राथमिक तहका कक्षामा यस किसिमका सामग्री बढी उपयोगी हुन्छन् । त्यस्तैगरी दोस्रोभाषी विद्यार्थीहरूलाई भाषाका अमूर्त धारणा बसाल्न पनि यी सामग्रीले महत्त्वपूर्ण सहयोग गर्न सक्छन् । अमूर्त भावनाको धारणा दिन यस्ता सामग्रीको उपयोग गर्न सकिन्छ ।

## २.५ निष्कर्ष

शैक्षिक सामग्रीले सिकाइलाई सरल, अर्थपूर्ण र प्रभावकारी बनाउने कुरामा कसैको दुईमत हुन सक्दैन । यसको प्रयोगबाट अमूर्त कुरालाई मूर्त रूप दिन शिक्षक, विद्यार्थी  दुवै पक्षलाई सहयोग पुग्दछ । माथि उल्लेख गरिएका केही सामग्रीको प्रयोग हाल नेपालकै सन्दर्भमा कम देखिन्छ भने केही सामग्रीको प्रयोग उल्लेख्य देखिन्छ । शैक्षिक सामग्रीको उच्चतम प्रयोग गरी विद्यार्थीहरूलाई जटिल विषयस्तु पनि सरल र सहज ढङ्गले शिक्षण गर्न सकेमा

सिकाइ उपलब्धि पनि उच्च रहन्छ । शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीहरू ज्ञानेन्द्रियहरूले प्रत्यक्ष अनुभव गर्ने मौका पाउँछन् र उनीहरूमा सिकाइप्रति उत्प्रेरणा सृजना हुनसक्छ ।

नेपालीभाषा शिक्षण गर्दा प्रयोग गर्न सकिने विभिन्न प्रकारका सामग्रीहरूमध्ये बढी उपयोगमा आउने शैक्षिक सामग्री दृश्य सामग्री हुन् । दृश्य सामग्रीहरू शिक्षकले पनि राम्रोसँग प्रयोग गर्न सक्छन् । अन्य सामग्रीहरू नेपालको सन्दर्भमा धेरै कारणले प्रयोग हुन नसकेको अवस्था छ । त्यसमध्ये आर्थिक कारण प्रमुख देखिन्छ । शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्ने कुरामा टिकाउ, आकर्षक, स्तरअनुसार मेलखाने, सर्वसुलभ जस्ता कुरामा ध्यान दिनु पर्दछ । अहिले विकास भएका अत्याधुनिक शैक्षिक सामग्री हाम्रोजस्तो अल्पविकसित देशमा खासै प्रयोग भएको अवस्था छैन । शैक्षिक सामग्री प्रयोग गर्ने सन्दर्भमा रमाइला खालका, डरलाग्दा खालका सामग्री छनोट गर्नुभन्दा विद्यार्थीलाई व्यवहारिक ज्ञान दिनसक्ने खालका सामग्री प्रयोग गर्नुपर्दछ । शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा गरेर सिक्ने धारणाको विकास होस् । यस कुरामा विचार पुऱ्याउने हो भने शिक्षण कार्य सहज, सरल, व्यवहारिक बन्न जान्छ । शिक्षा क्षेत्रको लगानी खेर जान नदिन र बालबालिकाको उच्च शैक्षिक उपलब्धिको लागि शैक्षिक सामग्रीको प्रयोग अत्यावश्यक छ ।

# परिच्छेद : तीन

# गुल्मी जिल्लास्थित प्रा. वि. तहको शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति

## ३.१ विषय प्रवेश

प्राथमिक तहको नेपाली भाषा शिक्षण गर्दा उपयोग गरिएका शैक्षिक सामग्रीको वर्तमान स्थिति विषय शोधकार्यका लागि गुल्मी जिल्ला अन्तरगतका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई समेटिएको छ । नेपालको एक पहाडी जिल्ला मध्येको एक जिल्ला हो गुल्मी । ७९ गा.वि.स. र ३ वटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा सामुदायिक प्रा.वि. ३८३, संस्थागत ४४, सामुदायिक नि.मा.वि. ७४, संस्थागत ७, सामुदायिक मा.वि. ९८ र संस्थागत १३ विद्यालयहरू सञ्चालित छन् (स्रोत : जि.शि.का. तथ्याङ्क, २०६७) । त्यसैगरी प्रा.वि.मा १७५३, नि.मा.वि.मा २८२ र मा.वि.मा २५७ दरवन्दी रहेको यस जिल्लामा छात्रा ५३१६७ र छात्र ४७८०५ गरी जम्मा १००,९७२ विद्यार्थीले अध्ययन गरिरहेका छन् । यस जिल्लाको साक्षरता प्रतिशत ६५.५% ( २०६६ अनुसार) रहेको छ ।

शोधकार्य सम्पन्न गर्नका लागि छनोट गरिएका विद्यालयहरू निम्नानुसार छन्

१. श्री काब्रेपोखरी मा.वि., जुभुङ्ग-२, गुल्मी

२. श्री थाक्सीपोखरा मा.वि., बलिथुम - ८, गुल्मी

३. श्री सिद्धबाबा उ.मा.वि., तम्घास - ४, गुल्मी

४. श्री उपल्लो तम्घास मा.वि., तम्घास - ६, गुल्मी

५. श्री श्री रिडर्स पब्लिक हाइस्कूल, तम्घास-५, गुल्मी

६. श्री खड्गदेवी इ.बो. स्कूल, जुभुङ्ग - ४, गुल्मी

७. श्री श्री रैनादी प्रा.वि, बलिथुम, गुल्मी

माथि उल्लेखित विद्यालयको स्थलगत अध्ययन प्र.अ. सँगको छलफल र विषय शिक्षकसँगको छलफलबाट शैक्षिक सामग्रीको उपयोगका बारेमा जानकारी हासिल गर्दै शैक्षिक सामग्रीको प्रयोगमा विद्यालयको भौतिक, आर्थिक, शिक्षकको शैक्षिक अवस्था र सामग्रीको उपलब्धताले के कस्तो प्रभाव पार्दछ सो सन्दर्भमा अध्येताले प्राप्त गरेको तथ्याङ्कहरूलाई तालिकामा व्यवस्थित गर्दै तिनीहरूको निम्नानुसार चर्चा गरिएको छ ।

गुल्मी जिल्लामा रहेका जम्मा ६१६ विद्यालयहरूमध्ये ७ ओटा विद्यालयमा गई स्थलगत सर्वेक्षण, नेपालीभाषा शिक्षकको कक्षा अवलोकन भाषाशिक्षक, प्रधानाध्यापक र विद्यार्थीसँगको छलफल तथा प्रश्नावलीमार्फत् प्राप्त सूचनाहरूको व्याख्या विश्लेषण पश्चात् यो शोधपत्र तयार गरिएको छ ।

## ३.२ शैक्षिक सामग्री उपयोगको स्थिति

**तालिका नं. ३**

**भौतिक सुविधा**

| क्र. सं. | विद्यालयको नाम | विद्यालयको किसिम | | भवन | | खानेपानी | विद्युत | कक्षाकोठा | | डेक्सबेन्च | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | कच्ची | पक्की | | | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त |
| १ | श्री कान्नेपोखरी मा.वि. | √ | | १ | २ | छ | छ | √ | | √ | |
| २ | श्री | √ | | १ | २ | छ | छ | √ | | √ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | थाक्सीपोखरा मा.वि. | | | | | | | | | | |
| ३ | श्री सिद्धबाबा उ.मा.वि. | √ | | ३ | २ | छ | छ | √ | | √ | |
| ४ | श्री उपल्लो तम्घास मा.वि. | √ | | २ | १ | छ | छ | √ | | √ | |
| ५ | श्री रैनादी प्रा.वि. | √ | | १ | - | छैन | छैन | | √ | | √ |
| ६ | श्री रिडर्स प. हाई स्कूल | | √ | ३ | २ | छ | छ | √ | | √ | |
| ७ | श्री खड्कदेवी ई.बो. स्कूल | | √ | १ | - | छैन | छ | √ | | √ | |

### ३.२.१ भौतिक पक्ष

हरेक विद्यालयमा विद्यालयको भौतिक अवस्था मजबुत हुन आवश्यक छ । भौतिक अवस्थाले सिकाइलाई पूर्ण र व्यवस्थित बनाउन सहयोग पुऱ्याउँदछ । विद्यालयको भवन, कक्षाकोठा, कालोपाटी, डेक्स, बेन्च, शौचालय आदि पर्याप्त मात्रामा भयो भने मात्र विद्यार्थीलाई सिकाइको वातावरण सरल हुन्छ । शिक्षण सिकाइलाई प्रभाव पार्ने तत्त्वका रूपमा भौतिक वातावरण पनि प्रमुख रहन्छ ।

शोधकार्यका लागि छनोट गरिएका ७ विद्यालयमा देखिएका भौतिक अवस्थाको विवरणका आधारमा यहाँ व्याख्या गरिएको छ । छनोट गरिएका ५ समुदायिक विद्यालय मध्ये ४ विद्यालय एक तह पूर्ण सरकारी र दुई तह स्थानीयस्रोतमा सञ्चालित विद्यालयहरू हुन् । एउटा रैनादी प्रा.वि. मात्र पूर्ण सरकारी विद्यालय हो । थाक्सीपोखरा मा.वि. बलिथुम नि.मा.वि. सम्म पूर्व सरकारी हो भने अन्य काब्रेपोखरी मा.वि.जुभूङ्ग, सिद्धबाबा उ.मा.वि. तमघास र

उपल्लो तम्घास मा.वि, तम्घास प्रा.वि., तहमात्र पूर्ण सरकारी विद्यालय हुन् । यी विद्यालयहरूमध्ये काब्रेपोखरी मा.वि. मा १ पक्की भवन, १ अर्धपक्की र १ कच्ची भवनमा जम्मा २४ ओटा कोठा रहेका छन् र यस विद्यालयको भवन संख्या, कक्षाकोठा, डेक्सवेञ्च र शौचालयको पर्याप्तता नै रहेको छ । यस विद्यालयमा हाल नेपाल सरकार शिक्षामन्त्रालय, शान्ति तथा पुनःनिर्माण मन्त्रालयबाट सहयोग प्राप्त गरी ३ तले पक्की भवन बनाइएको छ  तर कार्यालय तथा कक्षाकोठा सजिसजाउका लागि पर्याप्त फर्निचर भने देखिदैन । नयाँ निर्मित भवनमा झ्यालका पल्ला नभएकोले हावाका कारण शिक्षणमा बाधा पुग्ने अवस्था रहेको छ । श्री सिद्धबाबा उ.मा.वि. तम्घासमा ४ ओटा भवनमा जम्मा ३५ कोठा रहेका छन् र विद्यार्थीको चाप धेरै रहेको कुरालाई मनन् गर्दै उच्च मा.वि. तहका कक्षाहरू विहानमा सञ्चालन हुने गरेका छन् । यहाँ गार्डेप २ गुल्मीको तथा गोर्खा बयलफेयर तम्घासको सहयोगमा निर्मित अत्यन्त आधुनिक र सुविधा सम्पन्न कक्षाकोठाहरू छन् र कक्षाकोठा व्यवस्थित र फर्निचरको पनि पर्याप्तता रहेको छ । सवै कोठाामा विधुत  सुविधा रहेको यस विद्यालयमा कम्प्युटर ल्याव र इमेल इन्टरनेट सुविधा रहेको छ । श्री उपल्लो तम्घास मा.वि. तम्घासमा हाल ३ ओटा भवनमा जम्मा १७ ओटा कोठा रहेका छन् । अपाङ्ग स्रोतकेन्द्र पनि रहेको यस विद्यालयको विद्यार्थी संख्याका आधारमा  कक्षाकोठा पर्याप्त नै छ । शौचालय, खानेपानी र विद्युत सुविधा पनि यस विद्यालयमा पर्याप्त रहेको छ । प्रा.वि. तह मात्र पूर्णसरकारी रहेको यस विद्यालय राहत नीतिस्रोतका शिक्षकबाट सञ्चालन भएको छ । रैनादी प्रा.वि. बलिथुममा आफ्नै सक्रियतामा निर्मित कक्षाकोठा कच्ची भवनमा रहेको र विद्यार्थी संख्याका आधारमा कक्षाकोठा पर्याप्त नै छ । शौचालयको पूर्ण अभाव रहेको यस विद्यालयमा विद्युत सुविधा भने उपलब्ध छैन । पाँच कक्षा सम्म सञ्चालित  सामुदायिक विद्यालयमा पर्याप्त शिक्षक दरबन्दी नरहेको र विद्यार्थी संख्या पनि न्यून रहेको देखिन्छ । श्री रिडर्स पब्लिक हाइस्कुल तम्घासमा हाल ५ ओटा भवनमा जम्मा ३४ कक्षाकोठा रहेका   छन् । पूर्ण अंग्रेजी माध्यमबाट पठनपाठन हुने गरेको छ उता खड्गदेवी इ.बो. स्कूल जुभूङ्गमा विद्यालयले जग्गा भाडामा लिएर बनाएको बाँसको भवनमामा कक्षा सञ्चालन गरेको  छ । विद्युत सुविधा पुगेको यस विद्यालयमा कक्षा ३ देखि ६ सम्म कम्प्युटर विज्ञानको कक्षा पनि सञ्चालन भएको छ ।

**तालिका नं. ४**

**आर्थिक पक्ष**

| क. सं. | विद्यालयको नाम | विद्यालयको किसिम | | स्वीकृत तह | निजी स्रोत तह | आर्थिक अवस्था | |
|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | | | सवल | दुर्वल |
| १ | श्री काब्रेपोखरी मा.वि. | √ | | प्रा.वि. | नि.मा., मा.वि. | | √ |
| २ | श्री थाक्सीपोखरा मा.वि. | √ | | नि.मा.वि. | मा.वि. | √ | |
| ३ | श्री सिद्धबाबा उ.मा.वि. | √ | | प्रा.वि. | नि.मा., मा.वि., उ.मा.वि. | √ | |
| ४ | श्री उपल्लो तम्घास मा.वि. | √ | | प्रा.वि. | नि.मा., मा.वि. | √ | |
| ५ | श्री रैनादी प्रा.वि. | √ | | प्रा.वि. | - | | √ |
| ६ | श्री रिडर्स प. हाई स्कूल | | √ | | मा.वि. | √ | |
| ७ | श्री खड्कदेवी ई. बो. स्कूल | | √ | | प्रा.वि. | | √ |

### ३.२.२ आर्थिक पक्ष

विद्यालयलाई अग्रगतिमा लैजान र विद्यालयका हरेक आवश्यकता पूरा गर्नका लागि विद्यालयको आर्थिक अवस्था बलियो हुन आवश्यक छ । विद्यालयको आर्थिक अवस्था सुधार नभएसम्म भौतिक सामग्री जुटाउन नसक्ने र पर्याप्त भौतिक सामग्रीबिना शिक्षण सिकाइ प्रभावकारी हुन सक्दैन । सामुदायिक विद्यालयलाई सरकारले तलब भत्ता, मसलन्द, पाठ्यपुस्तक, छात्रवृत्ति, प्रशासनिक खर्च उपलब्ध गराउँदै आए पनि कतिपय विद्यालयमा पर्याप्त शिक्षक दरबन्दी नहुँदा निजी स्रोतमा राखिएका शिक्षकको तलबमा उक्त रकम खर्च गरी कक्षा सञ्चालन गर्नु परेको अवस्था छ भने निजी विद्यालयमा सम्पूर्ण खर्च जुटाउनु परेकाले भएको आम्दानी तलब भत्तामै जाने अवस्था छ तसर्थ सामग्री जुटाउन पनि समस्या देखिन्छ । श्री काब्रेपोखरी मा.वि. कक्षा

५ सम्म स्थायी स्वीकृति पाएको विद्यालय भएको र ६-१० सम्म निजीस्रोतमा कक्षा सञ्चालन गर्नु पर्ने अवस्था छ । राहत दरबन्दी भए पनि विषयगत शिक्षक राख्न विद्यालयले व्ययभार बेहोर्नु परेको छ । श्री थाक्सीपोखरा मा.वि. बलिथुम कक्षा ८ सम्म स्थायी स्वीकृति प्राप्त विद्यालय रहेकोले कक्षा ९ र १० निजीस्रोत मै कक्षा सञ्चालन गर्नु परेको छ । उपल्लो तम्घास मा.वि. तम्घास र सिद्धबाबा उ.मा.वि कक्षा ५ सम्म स्थायी स्वीकृति प्राप्त विद्यालय भए पनि  विद्यालयको आर्थिक अवस्था मजबुत नै छ । त्यसै गरी रैनादी प्रा.वि. बलिथुम १-५ सम्म स्वीकृति प्राप्त भएपनि जम्मा ३ जना शिक्षक रहेकाले २ जना शिक्षक निजीस्रोतमा राख्नु परेको अवस्था छ । यसको आर्थिक अवस्था अत्यन्त दयनीय छ । निजी विद्यालयका रूपमा रहेका श्री रिडर्स पब्लिक हाइस्कूल तम्घास र श्री खड्गदेवी इ.बो. स्कूल मध्ये रिसर्ड पब्लिक हाइ स्कूलको आर्थिक अवस्था मजुबत नै छ भने खड्गदेवी इ.बो. स्कूलको आर्थिक अवस्था अत्यन्त दयनीय छ । यसमा विद्यार्थी संख्या कम भएका कारण शुल्क कम उठ्ने हुँदा शिक्षकलाई तलब भत्ता खुवाउन पनि यसलाई हम्मे हम्मे परेको छ । आर्थिक अवस्था मजुबत भएकै कारण सिद्धबाबा उच्च मा.वि.ले पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरेको पाइन्छ । यस बाहेक श्री रैनादी प्राथमिक विद्यालयले आर्थिक अवस्था कै कारण पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गर्न नसकेको अवस्था छ । विद्यार्थी निर्मित, शिक्षक निर्मित र मूल्य नपर्ने शैक्षिक सामाग्रीको भने उपलब्धता देखिन्छ  । त्यसैगरी उपल्लो तम्घास मा.वि. ले यो वर्ष शैक्षिक सामाग्री उच्चतम प्रयोगको वर्षका रूपमा मनाउने निर्णय गरेको छ । आर्थिक अवस्था कमजोर भएकै कारण खड्गदेवी इ.बो. स्कूलमा शैक्षिक सामग्रीको न्यूनता छ  भने रिडर्स पब्लिक हाइ स्कूलमा भने शैक्षिक सामग्रीको उपलब्धता रहेको पाइन्छ ।

## तालिका नं ५

## विद्यार्थी संख्या र कक्षाकोठा व्यवस्थापन

| क्रसं. | विद्यालयको नाम | | सेक्सन | कक्षा | | | | | विद्यार्थी चाप | | डेक्सबेन्च | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छ/छैन | १ | २ | ३ | ४ | ५ | छ | छैन | पर्याप्त | अपर्याप्त |
| १ | श्री काब्रेपोखरी मा.वि. | छात्रा | छ | १७ | १९ | २९ | १८ | १९ | | √ | √ | |
| | | छात्र | छ | २१ | १७ | १६ | ११ | १६ | | | | |
| २ | श्री थाक्सीपोखरी मा.वि. | छात्रा | छैन | ५ | ६ | ७ | २६ | २५ | | √ | √ | |
| | | छात्र | छैन | ७ | ९ | १० | २२ | २० | | | | |
| ३ | श्री सिद्धबाबा उ.मा.वि. | छात्रा | छ | ९५ | १६ | १८ | ३३ | ४५ | √ | | √ | |
| | | छात्र | छ | ११५ | २६ | १२ | २४ | ३९ | | | | |
| ४ | श्री उपल्लो तम्घास मा.वि. | छात्रा | छैन | १३ | १२ | ७ | १३ | १८ | | | √ | |
| | | छात्र | छैन | ११ | ८ | ७ | १२ | १६ | | | | |
| ५ | श्री रैनादी प्रा.वि. | छात्रा | छैन | १० | ६ | ८ | ९ | ८ | | √ | | √ |
| | | छात्र | छैन | ८ | ३ | ६ | ९ | ६ | | | | |
| ६ | श्री रिडर्स प. हाई स्कूल | छात्रा | छ | ४५ | ३८ | ३९ | ३६ | ३७ | √ | | √ | |
| | | छात्र | छ | ५२ | ३४ | ३७ | ३७ | ४२ | | | | |
| ७ | श्री खड्कदेवी ई.बो. स्कूल | छात्रा | छैन | ६ | ७ | ५ | ३ | ४ | | √ | √ | |
| | | छात्र | छैन | ९ | ८ | ९ | ५ | ५ | | | | |

### ३.२.३ विद्यार्थी संख्या र कक्षाकोठा व्यवस्थापन

विद्यार्थीको संख्या अनुसार कक्षाकोठाको व्यवस्था हुन आवश्यक छ । कुनै विद्यालयका विद्यार्थी धेरै कक्षाकोठा साँघुरो तथा कुनै विद्यालयमा विद्यार्थीसंख्या कम कक्षाकोठा ठूलो रहेको अवस्था छ । कक्षाकोठा सघुँरो भयो भने शैक्षिक सामग्रीको व्यवस्थानमा समेत बाधा पुग्दछ । त्यसैगरी बसाइ व्यवस्थापनमा समेत बाधा पुग्दछ । कक्षाकोठा व्यवस्थापन सही स्तर सुहाउदो डेक्स बेन्चको व्यवस्था हुनु आवश्यक छ । कक्षाकोठा अग्ला, फराकिला, दोहोरो हावा चल्ने, उज्याला, झ्याल ढोकाको राम्रो प्रबन्ध भएको भएमा मात्र शैक्षिक सामग्री सुरक्षित राख्न सकिन्छ  र राम्रोसँग प्रयोग गर्न सकिन्छ । कक्षाकोठामा विद्यार्थी चाप घटाउने एउटा उपाय सेक्सन छुट्टाउने हो तर त्यसो गर्दा यहाँ ग्रामीण क्षेत्रका विपन्न विद्यालयले थप शिक्षकको व्यवस्था गर्न नसक्ने अवस्था छ । विद्यार्थी चाप धेरै भएकै कारण पनि शैक्षिक सामग्रीको उचित प्रयोग गर्न नसकिएको गुनासो शिक्षकहरूको छ ।

शोध अध्ययन क्षेत्रका विद्यालयको अवलोकन गर्दा श्री सिद्धबाबा उ.मा.वि. तम्घास र रिडर्स पब्लिक हाइस्कूल तम्घासमा विद्यार्थी संख्या धेरै भएकै कारण सेक्सन समेत छुट्टयाइएको छ । त्यसैगरी काव्रेपोखरी मा.वि. जुभुङ्गमा विद्यार्थी संख्या सामान्य छ । कक्षा १ देखि कक्षा ५ सम्म अंग्रेजी र नेपाली दुबै माध्यमका कक्षा मात्र होइन यी कक्षाहरूमा सेक्सन पनि भएकोले कक्षामा चाप कम नै रहेको छ । थाक्सी पोखरा मा.वि. रैनादी प्रा.वि. खड्गदेवी इ.बो. स्कूलमा विद्यार्थी संख्या कम नै रहेको छ । उपल्लो तम्घास मा.वि. मा विद्यार्थीको चाप कक्षा १-३ मा न्यून र कक्षा ४-५ मा बढी रहेकाछ । यी विद्यालयहरूमा नेपाली  भाषा शिक्षणका क्रममा उचित रूपमा शैक्षिक सामग्रीको प्रयोग नगरेको अवस्था  छ । केवल पाठ्यपुस्तक, दैनिक प्रयोगका सामग्री र व्याख्यान विधि बाहेक अन्य कुनै विधि र सामग्री प्रयोगमा ल्याइएको देखिखैन तर सिद्धबाबा उ.मा. वि., रिडर्स पव्लिक हाइ स्कूलमा भने आधुनिक विद्युतीय शै.सा.को प्रयोग र उपलव्धता रहेको पाइन्छ ।

**तालिका नं. ६**

**शोधविद्यालयका शिक्षकहरूको शैक्षिक स्थिति**

| क. सं. | विद्यालयको नाम | शिक्षकको नाम | विद्यालयको अवस्था | शैक्षिक योग्यता | तालिम | स्थायी/ अस्थायी | सेवावधि |
|---|---|---|---|---|---|---|---|
| १ | श्री काब्रेपोखरी मा.वि. | बसन्ती खड्का | सामुदायिक | वी.एड्. | प्राप्त | अस्थायी | ८ वर्ष |
| २ | श्री थाक्सीपोखरा मा.वि. | इन्द्रबहादुर के.सी. | सामुदायिक | एस.एल.सी. | प्राप्त | स्थायी | २१ वर्ष |
| ३ | श्री सिद्धबाबा उ.मा.वि. | मुना बराल | सामुदायिक | आइ.एड. | प्राप्त | अस्थायी | ८ वर्ष |
| ४ | श्री उपल्लो तम्घास मा.वि. | सीता ज्ञवाली | सामुदायिक | आइ.एड. | प्राप्त | अस्थायी | ९ वर्ष |
| ५ | श्री रैनादी प्रा.वि. | मिनबहादुर रेश्मी | सामुदायिक | एस.एल.सी. | प्राप्त | अस्थायी | १० वर्ष |
| ६ | श्री रिडर्स प. हाई स्कूल | शान्ता पाण्डे | संस्थागत | आइ.ए. | अप्राप्त | अस्थायी | ५ वर्ष |
| ७ | श्री खड्गदेवी ई. बो. स्कूल | भोज ब. रास्कोटी | संस्थागत | आइ.ए. | अप्राप्त | अस्थायी | १ वर्ष |

### ३.२.४ नेपाली भाषा शिक्षकहरूको शैक्षिक अवस्था

आर्थिक दृष्टिले विपन्न र भौगोलिक दृष्टिले कठिन मुलुकका रूपमा रहेको नेपालको शैक्षिक विकासलाई नियाल्दा दयनीय नै देखिन्छ । कतिपय ठाउँमा विद्यालय नै छैनन् भने विद्यालय भएका ठाउँमा विविध समस्या छन् । कतिपय विद्यालयमा कक्षाकोठा अभाव, कतिपयमा शिक्षक अभाव, कतिपयमा भौतिक सुविधा अभाव, कतिपयमा पाठ्यपुस्तक र शिक्षक निर्देशिका अभाव छन् ।

शिक्षक भएका विद्यालयमा शिक्षक पद्धतिमा सुधार आउन सकेको छैन । कतिपय विद्यालयममा विषयगत शिक्षक नभएको र अंग्रेजी विषयबाहेक अन्य विषयको आधार रहेको नेपाली पढाउने शिक्षकको अभाव रहेको छ । त्यसैगरी नेपाली विषयलाई हेर्ने दृष्टिकोण समेत सकारात्मक नहुँदा समस्या देखिएको छ । यस्तो अवस्थाबाट माथि उठ्नका लागि विषयगत शिक्षकको व्यवस्था र सम्बन्धित विषयको विषयगत तालिमको व्यवस्था गर्नु आवश्यक छ ।

प्रस्तुत शोध अध्ययन क्षेत्रका निर्दिष्ट ७ विद्यालयका शिक्षकहरूको शैक्षिक स्थिति अबलोकन गर्दा निम्नानुसार पाइएकोले सो को स्थितिलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको क्षेत्रअन्तगत ७ वटा विद्यालय वा ७ जना शिक्षकहरूको शैक्षिक स्थिति अवलोकन गर्दा १ जना स्थायी ६ जना अस्थायी र २ ओटा संस्थागत विद्यालयका शिक्षकहरू स्थानीय स्रोतमै रहेको छ । शैक्षिक योग्यतामा १ स्नातक, ४ जना प्रविणता प्रमाणपत्र र २ जना एस.एल.सी. उत्तीर्ण गरेका शिक्षकहरू छन् । यी मध्ये ६ जना तालिम प्राप्त शिक्षकहरू छन् ।

**तालिका नं ७**

**शैक्षिक सामग्रीको प्रयोगको स्थिति**

| क्र. सं. | विद्यालयको नाम | दैनिक प्रयोगका सामग्री प्रयोग गरिन्छ/गरिदैन | सामग्री प्रयोगले सिकाइमा प्रभाव | सामग्री उपलब्धताको स्रोत | अन्य सामग्री प्रयोगको अवस्था | विद्यालयमा भएका अन्य सामग्री |
|---|---|---|---|---|---|---|
| १ | श्री काब्रेपोखरी मा.वि. | गरिन्छ | पार्छ | शिक्षक, विद्यार्थी निर्मित | सामान्य | शब्दकोश, सन्दर्भ सामग्री, कम्प्युटर, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | तथा खरिद गरिएका | | टेपरेकर्डर |
| २ | श्री थाक्सीपोखरा मा.वि. | गरिन्छ | पार्छ | " | निम्न | " |
| ३ | श्री सिद्धबाबा उ.मा.वि. | गरिन्छ | पार्छ | विद्यार्थी निर्मित, शिक्षक निर्मित, खरिद गरिएका | ठीकै छ | चुम्वकीय पाटी, कम्प्युटर, ओभरहेड प्रोजेक्टर |
| ४ | श्री उपल्लो तम्घास मा.वि. | गरिन्छ | पार्छ | " | मध्यम | ओभरहेड प्रोजेक्टर, टेलिफोन, टेपरेकर्डर, तालिका |
| ५ | श्री रैनादी प्रा.वि. | गरिदैन | पार्छ | " | निम्न | तालिका, शब्दपत्ति, वाक्यपत्ति, कालोपाटी |
| ६ | श्री रिडर्स प. हाई स्कूल | गरिन्छ | पार्छ | " | निम्न | फ्लाटिन पाटी, ओभरहेड प्रोजेक्टर, शब्द, अक्षरपत्ति |
| ७ | श्री खड्कदेवी ई. बो. स्कूल | गरिदैन | पार्छ | " | निम्न | कालोपाटी, फ्लाटिन पाटी, शब्दकोश, चार्ट |

### ३.२.५ शोध निर्धारित विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति

नेपाली भाषा शिक्षणको सन्दर्भमा शैक्षिक सामग्रीको भूमिका महत्त्वपूर्ण हुन्छ । भाषा शिक्षणका सन्दर्भमा चक, डस्टर तथा अन्य सामग्री प्रयोगमा ल्याउनु आवश्यक मानिन्छ । पाठलाई व्याख्या गरेर भन्दा शैक्षिक सामग्रीद्वारा पाठलाई प्रस्तुति गर्न सकेमा त्यो बढी उपयोगी हुन्छ । यसले विद्यार्थीमा उत्साह थप्छ । नेपाली भाषालाई व्यवहारिक र जीवनोपयोगी बनाउन शिक्षण सामग्रीको उपयोगिता बान्छनीय छ । हाम्रो जस्तो विकाशील देशमा पाठ्यपुस्तक नै बढी प्रयोगमा आउने शैक्षिक सामग्री हो (अधिकारी, २०५० : १६५)।

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि विद्यार्थीलाई घोकाउने प्रवृत्ति क्रमशः लोप हुँदै गएको छ । शिक्षाको केन्द्रविन्दु विद्यार्थी भएकाले शिक्षकले कक्षामा अनुकूल वातावरण सृजना गरी अध्यापन  कार्यलाई सफल पार्न विषयवस्तु अनुसारका विभिन्न प्रकारका शैक्षिक सामग्रीको उपयोग अति आवश्यक हुन्छ । नेपाली भाषा शिक्षणमा मौखिक, श्रव्य, दृष्य र श्रब्यदृश्य सामग्री उपयोग गर्न सकिन्छ । यसका साथसाथै आधुनिक किसिमका सामग्री उपयोग र प्रयोगले गर्दा सिकाइलाई सरलीकरण गर्न सकिन्छ । पठनपाठनलाई रोचक र जीवन्त तुलयाउन शैक्षिक सामग्रीको अहम् भूमिका रहन्छ । शैक्षिक सामग्रीको उपयोगले कक्षा कार्यकलाप शिक्षण केन्द्रित नभई विद्यार्थीकेन्द्रित हुन्छ । यसले विद्यार्थीमा अल्छीपन हट्नुका साथै सिकाइ दिगो हुन्छ ।

शैक्षिक सामग्रीको प्रयोगले शिक्षकलाई शिक्षण गर्न सरल र विद्यार्थीलाई बुझ्न सरल हुनुका साथै सिकाइ दीर्घ हुने भए तापनि वि.व्य.स.ले पनि शैक्षिक सामग्री व्यवस्थापनका लागि उचित ध्यान दिएको पाइदैन  भने कतिपय शिक्षकहरूले त्यसतर्फ ध्यान नदिइरहेको अवस्था छ । विद्यालयमा घण्टीभारको सामग्री सङ्कलन गर्ने तथा मिलाई सम्बन्धित निकायबाट पनि शैक्षिक सामग्रीको व्यवस्थापनमा जोड दिई यसको उच्चतम र सान्दर्भिक प्रयोग गर्न सकेमा निर्धारित उद्देश्य पूरा गर्नमा सहयोग पुग्ने देखिन्छ ।

प्रस्तुत शोध क्षेत्रका विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्री छनोट र प्रयोगका बारेमा थाहा हुँदाहुदै पनि त्यसतर्फ खासै ध्यान दिएको पाइदैन । विद्यार्थी स्रोता र शिक्षक वक्ता बन्ने पुरानो परिपाटीबाट शिक्षकहरू माथि उठ्न सकेको पाइदैन  । निर्धारित विद्यालयहरू मध्ये केहीमा गोजी तालिका, फ्लाटिन बोर्ड विभिन्न शब्दपत्तीहरू प्रयोग भएको पाइन्छ भने आफ्नो विषयलाई कसरी रोचक, उद्देश्यपूर्ण र प्रभावकारी बनाउन सकिन्छ

भन्ने तर्फ शिक्षकहरूले खासै ध्यान दिएको पाइदैन । अतः शोध गरिएका यी विद्यालयमा प्राय शैक्षिक सामाग्रीको रूपमा माथिका सामाग्री बाहेक अन्य सामग्रीहरू निर्माण, सङ्कलन र प्रयोग गरेको त्यति पाइएन ।

यस शोध कार्यको सर्वेक्षणका क्रममा विद्यालयमा शैक्षिक सामग्रीको उपयोगका सन्दर्भमा पाइएका सकारात्मक र नकारात्मक पक्षहरू यस प्रकार छन्:

**३.२.६ सकारात्मक पक्ष**

यस शोध कार्यको सर्वेक्षणका क्रममा विद्यालयमा शैक्षिक सामग्रीको उपयोगका सन्दर्भमा पाइएका सकारात्मक पक्षहरू यस प्रकार छन्:

१) विद्यालयमा शैक्षिक सामग्रीहरू भेटिनु

२) सबै विद्यालयले दैनिक प्रयोगका सामग्री प्रयोगमा ल्याउनु

३) कालोपाटीको उच्चतम् प्रयोगक गर्नु,

४) सबै शिक्षकहरूमा शैक्षिक सामग्रीको बारेमा जानकारी हुनु,

५) शैक्षिक सामग्रीको उपयोगिताको अपरिहार्यता महसुस गर्नु,

६) केही शिक्षकहरूले स्रोत र साधनले भ्याएसम्म सामग्री सङ्कलन र प्रयोग गर्न उत्सुकता देखाउनु ।

७) केही निजी  तथा सरकारी विद्यालयमा आधुनिक शैक्षिक सामग्रीको प्रयोग हुनु ।

**३.२.७ नकारात्मक पक्ष**

१) शोध क्षेत्रका केही निजी र केही सरकारी विद्यालयको बाहेक अन्य सबै विद्यालयको आर्थिक तथा भौतिक अवस्था कमजोर हुनु ।

२) एउटा विद्यालय बाहेक सबै विद्यालयका शिक्षकहरू अस्थायी हुनु

३) सामग्री सङ्कलन निर्माण र प्रयोगमा शिक्षकहरू सक्रिय नरहेको अवस्था

४) शैक्षिक सामग्री प्रयोग गर्नु शिक्षकको संख्या न्यून हुनु,

५) कुनै विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको उपलब्धता नहुनु (आर्थिक अभावको कारणले)

६) विद्यार्थीको चाप बढी भएका कारण पनि शैक्षिक सामग्रीको प्रयोगमा समस्या देखिएको

७) तालिम अप्राप्त शिक्षकहरू शैक्षिक सामग्री कसरी सङ्कलन र निर्माण गर्ने भन्नेमा अलमल्ल रहनु,

८) प्रायः विद्यालयमा नेपाली भाषा शिक्षण हेलाको रूपमा रहनु,

९) लगनशील र परिश्रमी शिक्षकहरूप्रति सहयोग र सहभाव व्यक्त नगरिनु जसका कारण शिक्षकहरू शैक्षिक सामग्रीको सङ्कलन, निर्माण र प्रयोगमा ध्यान नदिनु ।

१०) कतिपय शिक्षकहरूमा शिक्षक निर्देशिका पनि नहुनु ।

११) परम्परागत शिक्षण प्रक्रियालाई नै अँगाल्नु ।

## ३.३ प्राथमिक तहमा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीको विवरण

नेपाली भाषाका चार ओटा भाषिक सीपहरू मध्ये प्राथमिक तहमा सबैभन्दा बढी समय दिनुपर्ने सुनाइ सीप विकासमै हो । हाम्रा शैक्षिक क्रियाकलाप पनि त्यसै अनुसार व्यवस्थित हुन आवश्यक छ । हामीले प्रयोग गर्ने शैक्षिक सामग्री र मूल्याङ्कनको परिपाटी भने त्यसको ठीक विपरीत छ । शैक्षिक सामग्रीहरू पनि कक्षा १ र ५ मा एकै किसिमको प्रयोग हुने होइन तसर्थ यहाँ कक्षाअनुसार प्रयोग गर्न सकिने शैक्षिक सामग्रीको बारेमा तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं.८**

**प्राथमिक तहमा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीको विवरण**

| कक्षा | प्रयोग गर्न सकिने शैक्षिक सामग्री |
|---|---|
| १ | चित्रपत्ती, फलाटिन पाटी, चित्र, वास्तविक वस्तु, शब्दपत्ती, चित्रसहितको वर्ण तालिका, वर्णपत्ती, मात्रा तालिका, वाक्य पत्ती, टुक्रे अक्षर, गोजी तालिका |
| २ | चित्रपत्ती, फलाटिन पाटी, चित्र, वास्तविक वस्तु, शब्दपत्ती, वाक्य पत्ती, गोजी तालिका |
| ३ | चित्रपत्ती, फलाटिन पाटी, चित्र, वास्तविक वस्तु, शब्दपत्ती, वाक्य पत्ती, गोजी तालिका, नाम, सर्वनाम, विशेषण र यसका प्रकारको चार्ट, श्रव्यदृश्य सामग्री, श्रव्य सामग्री |
| ४ | शब्दार्थ पत्ती, फलाटिन पाटी, गोजी तालिका, नक्सा, झण्डा, शब्दकोश, सारांशका नमुना, संवादका नमुना, व्याख्याका नमुना, चिठीका नमुना, प्रश्नोत्तरका नमुना, बालपत्रपत्रिका, विभिन्न भौचर/भर्पाइका नमुना, काल र पक्षका चार्ट, उखान टुक्काको सूची, शिक्षक निर्मित ठोस सामग्री, श्रव्यदृश्य सामग्री, अन्य सामग्री |
| ५ | शब्दार्थ पत्ती, फलाटिन पाटी, गोजी तालिका, नक्सा, झण्डा, शब्दकोश, सारांशका नमुना, संवादका नमुना, व्याख्याका नमुना, चिठीका नमुना, प्रश्नोत्तरका नमुना, बालपत्रपत्रिका, विभिन्न भौचर/भर्पाइका नमुना, काल र पक्षका चार्ट, उखान टुक्काको सूची, शिक्षक निर्मित ठोस सामग्री, श्रव्यदृश्य सामग्री, अन्य सामग्री |

## ३.४ शिक्षक निर्देशिका र शैक्षिक सामग्रीको छनोट व्यवस्था

नेपाल भाषा पाठ्यक्रमभित्र धेरै विधाहरू समावेश गरिएको छ । प्रत्येक विधाका लागि एकै किसिमको विधि र सामग्री उपयोग हुँदैन । शिक्षणका सन्दर्भमा भाषा शिक्षकलाई शिक्षण विधि र सामग्री छनोट गर्न सहजता होस् भन्ने हेतुले शिक्षक निर्देशिका तयार गरिएको हुन्छ । पाठ्यक्रमले तोकेका क्षेत्र अनुसारका विधा र त्यसको शिक्षणका लागि लाग्ने पाठघण्टी, पाठ्यपुस्तक, उद्देश्य र प्रयोग गरिने शैक्षिक सामग्रीको विवरण शिक्षक निर्देशिकामा दिइएको हुन्छ । नेपाली भाषाका विविध सीप विकासका लागि केवल व्याख्यान विधिबाट भन्दा विविध शैक्षिक सामग्रीको उपयोगबाट शिक्षण सिकाइ बढी रोचक र प्रभावकारी हुने साथै विद्यार्थी सहभागिता बढाई शिक्षणकार्यमा सहयोग पुऱ्याउने भएकोले सोही निर्धारण गरिएको हुन्छ ।

वर्तमान शिक्षण पद्धतिमा सुधार ल्याउन अत्यधिक वैज्ञानिक सामग्रीको शिक्षक निर्देशिकाले अहिलेसम्म बोल्न सकेको अवस्था भने छैन । सामाजिक, आर्थिक कारणले त्यस्ता शै.सा. प्रयोग गर्न असमर्थ हुने विद्यालयहरू पनि नभएका होइनन् तर जानकारी दिएमा सक्ने विद्यालय प्रयोग गर्ने अवस्था हुन सक्थ्यो । जे भए पनि त्यहाँसम्मको जानकारी दिनु असान्दर्भिक र अस्वभाविक भने हुँदै होइन । हालसम्मको अवस्थालाई हेर्ने हो भने शिक्षक निदेशिका शिक्षकका लागि एक बलियो आधार हो तापनि यसलाई सबै शिक्षकले पूर्णरूपमा प्रयोगमा ल्याएको पनि छैन । विद्यालयको विभिन्न स्रोतबाट खर्च गरी किनेका शिक्षक निदेशिकाको शिक्षकले पाना सम्म नपल्टाएको अवस्था छ । तालिम र ज्ञानको अभावमा यो अवस्था सृजना भएको पनि हुन सक्छ । यसको सही कार्यान्वयनका लागि सम्बन्धित निकायबाट शिक्षकलाई उचित तालिमको व्यवस्था गरिनु पर्दछ । संस्थागत विद्यालयमा पढाइ हुने नेपाली पाठ्यपुस्तकका शिक्षक निर्देशिकाको उपलब्धता नरहेको गुनासो शिक्षकहरूको छ । यसतर्फ पनि ध्यान दिदै सम्बन्धित निकायबाट शिक्षक तालिमको व्यवस्था गरिनु आवश्यक छ । परम्परागत कण्ठ गर्ने गराउने प्रवृत्ति नत्यागेसम्म विद्यार्थीले सही भाषिक सीप हासिल गर्न सक्दैनन् । सरकारी विद्यालयमा पढाइ हुने मेरो नेपाली किताबको शिक्षक निर्देशिका पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल गराउने ढङ्गले विधागत पाठ्यवस्तु, पाठघण्टी, शैक्षिक सामग्री र क्रियाकलाप समेतको जानकारी दिने गरी तयार पारिएको छ । यस्ता शिक्षक निर्देशिकाले शिक्षकलाई के कस्ता शैक्षिक सामग्रीको प्रयोग गर्ने भन्ने अन्यौलता अन्त्य गर्न सहयोग गर्ने देखिन्छ ।

## ३.५ निष्कर्ष

शिक्षण कार्यलाई सरल र व्यावस्थित बनाउने कार्यमा शिक्षकको ठूलो हात रहेको हुन्छ । दक्ष र अनुभवी शिक्षकहरूले मात्र शिक्षणलाई प्रभावकारी बनाउँछन् । शिक्षकलाई  दक्ष बनाउने तर्फ सम्पूण सरोकारवालाको ध्यान जान आवश्यक छ र शिक्षक स्वयम् पनि त्यसको लागि तयार हुन आवश्यक छ । अनुभवी, दक्ष र तालिम प्राप्त शिक्षक हुँदाहुदै पनि कतिपय विद्यालयमा विद्यार्थीको चाप, कतिपय विद्यालयमा सामग्रीको अभावका कारण शिक्षकहरू शैक्षिक सामग्रीको प्रयोग गर्न चुकेको देखिन्छ ।

# परिच्छेद : चार

# नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगमा देखिएका समस्या र समाधानका उपाय

## ४.१ नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगका समस्या

नेपालको राष्ट्र भाषाको रूपमा रहेको नेपाली भाषा देशभित्रका अनेकौं भाषाबीचको साझा सम्पर्क भाषा हो । नेपालको कुल जनसंख्याको ४८.६१% (पाठ्यक्रम विकास केन्द्र, २०६५) जनताले मातृभाषाको रूपमा नेपाली भाषा बोल्दछन् । नेपालबाहेक अन्य देशमा पनि यो भाषा बोल्ने गरिन्छ । नेपालको प्रशासनिक, कानुनी, सञ्चार, शैक्षिक, साहित्य, कला, ज्ञानविज्ञान आदि क्षेत्रमा समेत यो भाषा माध्यम भाषाको रूपमा प्रयोग भैरहेको छ ।

नेपाली भाषा विद्यालय तहको माध्यम भाषा हो भने उच्च शिक्षाको क्षेत्रमा समेत यस भाषाको प्रयोग दिननुदिन बढ्दै गइरहेको छ । राष्ट्रिय आवश्यकतासँग सहचार्य सम्बन्ध राख्ने, राष्ट्रिय गतिविधिलाई अभिव्यक्ति दिन सक्ने नेपाली भाषाले व्यापकता पाउनु स्वभाविक पनि छ । प्राथमिक तहमा नेपाली भाषालाई माध्यम भाषा बनाउँदा विद्यार्थीले विषयवस्तु धेरे बुझ्ने कुरामा कसैको दुईमत हुन सक्दैन तर प्रचारबाजीका कारण अंग्रेजी माध्यमका कक्षाहरू पनि मुलुकमा सञ्चालन भएको अवस्था छ । ज्ञान विज्ञानका नवीनतम् ज्ञान हासिल गर्न नेपाली भाषामा दक्षता अभिवृद्धि गर्नु पर्ने हुनजान्छ । स्तरीय एवम् परिष्कृत नेपाली भाषिक क्षमताको उन्नयनका लागि नेपाली भाषा शिक्षण आजको जरुरी विषय बनेको छ । प्राथमिक तहमा नेपाली भाषा शिक्षणका सामान्य उद्देश्यहरू, निम्नानुसार तय गरिएको छ :

**(क) सुनाइ सीप**

- विभिन्न प्रकारका निर्देशनहरू सुनेर सोहीअनुसार गर्न ।
- कुनै विषयवस्तुको वर्णन, छलफल आदि ध्यानपूर्वक सुनेर तिनको अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन ।
- बालकथा, बालगीत, कविता आदि आनन्द लिने गरी सुन्न ।

**(ख) बोलाइ सीप**

- शब्दहरू शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वभाविक गतिका साथ बोल्न ।
- देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन ।
- कुराकानी, छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न ।

(ग) **पढाइ सीप**

- नेपाली भाषामा लेखिएका सरल पाठ्यसामग्रीहरू गति र यति मिलाई स्पष्ट रूपमा पढ्न ।
- स-साना सूचना विवरण पढेर आशय बुझ्न ।
- सरल बालसाहित्यका रचनाहरू रुचि लिई पढ्न ।

(घ) **लेखाइ सीप**

- ठीक दुरीमा बान्की मिलाएर अक्षर लेख्न ।
- देखेसुनेका र अनुभव गरेका कुराहरू सिलसिला मिलाएर शुद्धसँग लेख्न ।
- आफ्नो अनुभवका सेरोफेरोका विषयमा छोटा लिखित रचना तयार गर्न (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५) ।

माथिको उद्देश्यलाई केलाएर हेर्दा आज नेपाली भाषाको विकास गर्नु अत्यावश्यक भएको प्रष्टिन्छ । नेपाली भाषालाई अन्तर्राष्ट्रिय भाषाको रूपमा स्वीकाररिएको अवस्था छ । वि.वि.सी. नेपाली सेवाले नेपाली भाषाको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ । सबैतिरबाट यसरी सहयोग भैरहेको

अवस्थामा पनि नेपाली भाषाको विकास पूर्णरूपमा हुन सकेको छैन । विश्व परिवेशमा आज भैरहेको प्रगतिलाई मध्यनजर गर्दै नेपाली भाषाको विकासमा सबै तल्लीन हुनुपर्ने आवश्यक छ र त्यसका लागि अत्याधुनिक वैज्ञानिक स्रोत साधनको प्रयोगमा पनि ध्यान दिनु जरुरी छ । यस अवस्थामा पनि हाम्रो नेपाली भाषाशिक्षण पद्धति पुरानै ढर्रामा चलिरहेको छ । यस कुरामा सबै चिन्तनशील रहनुपर्ने आवश्यकता छ ।

शैक्षिक सामग्री बिनाको भाषाशिक्षण अधुरो र अपुरो हुन्छ भन्ने सबैलाई थाहा भएको कुरा हो । तापनि नेपाली भाषा शिक्षण गर्ने सन्दर्भमा अनेकौं समस्याहरू छन् । प्रस्तुत शोधकार्य अर्न्तगतका विद्यालयहरूको भ्रमणका क्रममा पनि यस्ता समस्याहरू देखिएका  छन् । शैक्षिक सामग्रीको प्रयोगतर्फ धेरैको ध्यान केन्द्रित रहेको पाइएन । विद्यार्थीहरू केवल पाठ्यपुस्तकमै भर पर्नुपर्ने अवस्था रहेको छ । अतः अध्ययनका क्रममा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरूलाई निम्नानुसारका बुँदाहरूको निरूपण गर्दै तिनीहरूको सङ्क्षिप्त चर्चा गरिएको छ ।

### ४.१.१ आर्थिक पक्षसँग सम्बन्धित समस्या

कुनै पनि विद्यालयको समग्र विकासका लागि विद्यालयको आर्थिक पक्ष बलियो हुन आवश्यक छ । आर्थिक पक्ष बलियो नभएसम्म विद्यालयका भौतिक आवश्यकता पूरा गर्न सकिदैन । विद्यालयको आर्थिक पक्ष बलियो बनाउनु सबैको सरोकारको विषय हो । आर्थिक पक्षसँग गाँसिएका समस्याहरू निम्न छन् :

#### ४.१.१.१ बजेटको अभाव

हरेक कार्य सम्पन्न गर्नका लागि बजेटको आवश्यकता पर्दछ । बजेटबिना विद्यालयमा शिक्षणका लागि आवश्यक सामग्रीहरू खरिद गर्न पनि कठिनाई पर्दछ । नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराउने मसलन्द, प्रतिविद्यार्थी-अनुदान जस्ता रकम विद्यालयको आर्थिक कमजोरीका कारण तलब

भत्तामै खर्च गरेको अवस्था पाइन्छ । जसका कारण उनीहरूको ध्यान शैक्षिक सामग्री खरिद तर्फ नगएको देखिन्छ । हुन त नेपाली भाषा शिक्षणका लागि आवश्यक पार्ने शैक्षिक सामग्रीहरू महङ्गा भएका कारण पनि यो अवस्था आाएको हुन सक्छ ।

#### ४.१.१.२ भौतिक समस्या

विद्यालयको भौतिक अवस्था कमजोर हुनु आर्थिक पक्ष कमजोर भएकै कारण हो । विद्यालयमा कक्षाकोठाको अभाव, फर्निचरको अभाव, कक्षाकोठा साँधुरा हुनु, झ्याल ढोका नहुनु, शौचालय तथा खानेपानीको असुविधा हुनु आदि कारणले शैक्षिक सामग्री प्रयोगमा कठिनाइ उत्पन्न हुन्छ । कक्षाकोठा व्यवस्थित नभएका कारण शैक्षिक सामग्री प्रयोगमा समस्या देखिएका छन् ।

### ४.१.२ प्रशासनिक समस्या

शैक्षिक सामग्रीको प्रयोगका लागि प्रशासनको हात पनि प्रमुखरूपमा रहेको हुन्छ । प्रशासनले शिक्षकलाई आवश्यक पर्ने सामग्रीको व्यवस्था, प्रयोग गर्ने तरिकाको तालिम जस्ता कुरामा सहयोग गर्नु पर्दछ । जिल्ला शिक्षा कार्यालयले पनि आवश्यक मार्गनिर्देशन गर्नु पर्दछ । प्रशासनिक क्षेत्रसँग सम्वन्धित समस्यालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :-

#### ४.१.२.१ तालिमको अभाव

शैक्षिक सामग्री निर्माण र प्रयोगका लागि तालिमको आवश्यकता पर्दछ । भाषा जस्तो विषयमा शिक्षण गर्दा शिक्षण विधि र शैक्षिक सामग्रीको बारेमा ज्ञान हुन आवश्यक छ । यसको जानकारी लिएर कक्षाकोठामा प्रयोग गर्ने व्यवहारिक सीप हासिल गर्न तालिमको आवश्यकता पर्दछ । अध्ययनको

यस क्रममा शोध क्षेत्रका विद्यालयहरूमा धैरै शिक्षकहरू तालिम प्राप्त भए पनि उनीहरूलाई नवीन वैज्ञानिक उपकरण प्रयोगका बारेमा तथा अन्य सामग्रीको प्रयोग हुने सन्दर्भमा पुनर्ताजगी तालिम दिन सकिएको भए यो अवस्था सृजना नहुने देखिन्छ। संस्थागत विद्यालयमा त यो अवस्था शुन्य नै छ।

### ४.१.२.२ नियमित निरीक्षणको समस्या

प्रत्येक शिक्षण संस्थालाई सुव्यवस्थित रूपमा सञ्चालन गर्नका लागि नियमित निरीक्षण आवश्यक छ। निरीक्षण पश्चात आवश्यक सल्लाह र सुझाव दिन सकेको र पालना गर्न सकेको खण्डमा आवश्य पनि शैक्षिक सामग्रीको प्रयोगमा सुधार आउन सक्छ। शैक्षिक सामग्री, विधि मूल्याङ्कनका सम्बन्धमा देखिएका कमिकमजोरी सुधार्न सल्लाहको आवश्यकता छ। विद्यालयका प्र.अ. सँगको छलफलबाट निरीक्षणको कमी कै कारण यसमा यथोचित सुधार गर्न नसकेको अवस्था जानकारी प्राप्त भयो। विद्यालय निरीक्षकलाई कक्षाकोठामा पसेर कक्षा अवलोकन गर्न पनि फुर्सद नै छैन। उनीहरू कार्यालयको कामको बाहना बनाई कार्यालय बस्ने गरेको गुनासो प्र.अ. तथा शिक्षकहरूको छ।

### ४.१.२.३ मूल्याङ्कन व्यवस्थाको अभाव

शिक्षकको परिश्रम र लगनशीलताको उचित लेखाजोखा गर्ने व्यवस्था नभएका कारण आफ्नो पेशाप्रति हीनताबोध र उदाशिनता देखापरेको छ। राष्ट्रभाषा जस्तो गहन विषयको शिक्षणप्रति सम्बन्धित निकायले हेर्ने दृष्टिकोण सकारात्मक नबनेसम्म शिक्षण गर्ने शिक्षकहरूमा यो अवस्था रहन्छ नै। अल्छी गर्ने शिक्षक र उत्साही तथा परिश्रमी शिक्षकलाई हेर्ने दृष्टिकोण समान हुनुले यो अवस्था सृजना भएको हो। उत्साही र परिश्रमी शिक्षकलाई प्रशंसा र पुरस्कारको व्यवस्था गर्न आवश्यक छ, त्यसो नहुँदा उनीहरूले शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग नभएको अवस्था छ। जबसम्म अल्छी, कर्तव्यहीन शिक्षकलाई दण्ड र उत्साही र परिश्रमी शिक्षकलाई प्रशंसा तथा पुरस्कारको व्यवस्था गरिदैन तब सम्म गुणस्तरीय शिक्षाको परिकल्पना निरर्थक हुन्छ।

### ४.१.२.४ अस्थायी शिक्षकको समस्या

अस्थायी शिक्षकको समस्या नेपालभर नै छ । २०५२ सालमा खोलिएको खुल्ला विज्ञापन पश्चात आजसम्म त्यस किसिमको विज्ञापन खोलिएकै छैन । एउटा शिक्षक १५-२० वर्षसम्म अस्थायी नै रहनुले उसमा काम गर्ने जोस जाँगर सेलाएर आएको अवस्था छ । निजी विद्यालयमा स्थायी गर्ने परिपाटी नहुँदा आफू कतिबेला बाहिरिन पर्ने हो भन्ने सोचाइ प्रत्येक शिक्षकहरूमा विद्यमान छ । त्यसकारण अस्थायी शिक्षकहरू आफ्नो पेशागत सीप विकास भन्दा अर्थोपार्जनका लागि कहाँ उच्च मा.विका कक्षा लिन पाइन्छ भनेर अन्यत्र दौडिएको अवस्था भेटिन्छ । शिक्षा क्षेत्रमा देखिएको नीति नियमको समस्याले शिक्षकहरू चाकडी र चाप्लुसी गरेर आफ्नो पेशा बचाई रहेको अवस्था छ । शिक्षकलाई आफ्नो शिक्षक पेशाको सुनिश्चिता नभएको बखत गुणस्तरीय शिक्षाका लागि कडा परिश्रम गरोस् भन्ने अपेक्षा राख्नु हाँस्यास्पद नै हुन जान्छ । शिक्षण सिकाइमा उच्चतम शैक्षिक सामग्रीको प्रयोग हुन नसक्नु शिक्षक अस्थायी रूपमा राख्नु एक प्रमुख कारण मानिन्छ ।

### ४.१.२.५ शिक्षक निर्देशिका उपलब्ध नहुनु

प्राथमिक तहको परिमार्जित पाठ्यक्रम २०६३ र २०६५ अनुसार पाठ्यक्रम विकास केन्द्रले प्रा.वि. तहका नेपाली विषयको शिक्षक निर्देशिका तयार गरी बजारमा ल्याए पनि कतिपय विद्यालयले उक्त निर्देशिकाहरू खरिद नगरेको देखिन्छ तर माध्यमिक तहका कुनै पनि शिक्षक निर्देशिका बजारमा पर्याप्त मात्रामा उपलव्ध सकेका छैनन् । शिक्षकहरू २०५६ सालमा प्रकाशित भएका शिक्षक निर्देशितका प्रयोग गर्न बाध्य छन् । विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध नहुँदा शैक्षिक सामग्रीको छनोट र पाठ्युस्तकको सन्तुलित विभाजनमा शिक्षकहरू अन्यौलग्रस्त रहेका छन् । सम्बन्धित निकायहरूबाट शैक्षिक सामग्री उपलब्ध नगराएसम्म शैक्षिक सामग्रीको उच्चतम् प्रयोगमा सुधार नआउने कुरा निर्विवाद छ ।

### ४.१.२.६ शैक्षिक सामग्रीको समस्या

शैक्षिक सामग्रीको प्रयोग विनाको शिक्षण उपलब्धिमूलक नहुने कुरामा सबैको समहति रहेको छ तर नेपाली भाषा शिक्षण गर्दा प्रयोग गर्न सकिने शैक्षिक सामग्री स्थानीय रूपमा उपलब्ध हुन गाह्रो छ। यसका लागि निर्मित शैक्षिक सामग्री विद्यालयको उदासीनता, आर्थिक अभाव र इच्छा हुँदाहुदै पनि बजारमा यसको अभावले शैक्षिक सामग्रीको प्रयोगमा समस्या उत्पन्न गरेको छ । धेरैजसो विद्यालयमा पाठ्यपुस्तकलाई नै सबैभन्दा महत्त्वपूर्ण शैक्षिक सामग्रीका रूपमा प्रयोग गरेको पाइन्छ भने उता अत्याधुनिक शैक्षिक सामग्रीहरूलाई विद्यालयले खरिद पनि गर्न नसकेको अवस्था बीचलाई मनन गर्दा यहाँका शैक्षणिक कार्यक्रमहरू सोद्देश्यपूर्ण बन्न नसकिरहेको अवस्था छ ।

### ४.१.२.७ अधिक विद्यार्थी संख्या

विद्यालयमा कक्षाकोठा साँघुरा तथा विद्यार्थीको चाप बढी हुनाले शैक्षिक सामग्री प्रयोगमा समस्या मात्र होइन एउटा बेन्चमा ५/६ जना विद्यार्थीहरू खाँदिएर बसेको अवस्था छ । कुनै विद्यालयमा ४५/५० जना विद्यार्थी एउटै कक्षामा राखेर पढाउँदा शैक्षिक सामग्रीको प्रयोगलाई पछाडिका विद्यार्थीले नदेख्ने समस्या छ । यस अतिरिक्त शिक्षकले व्यक्त गरेका कुरा पछिल्तिरका विद्यार्थीले सुन्न नसक्नाले शिक्षणकार्य फलदायी हुन नसकेको अवस्था छ । शोध क्षेत्रका विद्यालयमध्ये श्री सिद्धबाबा उच्च मा.वि.मा विद्यार्थी संख्या अधिक भए पनि वर्ग विभाजन गरी त्यहाँ शिक्षण क्रियाकलाप गरेको देखिन्छ । जसका कारण त्यस विद्यालयमा सामग्री प्रयोगमा सहजता देखिन्छ । केही संस्थागत विद्यालयमा विद्यार्थीको चाप बढी भए पनि त्यहाँ वर्ग विभाजन गरेको पाइन्छ । यी बाहेक अन्य विद्यालयमा वर्ग विभाजन नगरी पढाइएको छ । उपयुक्त शैक्षणिक क्रियाकलाप गराउन र शैक्षिक सामग्री प्रयोगमा सुधार ल्याउन पहल नगरे शैक्षिक क्षति भै नै रहने अवस्था  देखापरेको छ ।

### ४.१.२.८ घण्टीभारको समस्या

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्यामूलक विषयका रूपमा घण्टीभार बढी हुनुलाई पनि लिन सकिन्छ । कतिपय विद्यालयमा कक्षा र विद्यार्थी सङ्ख्याको अनुपातमा अतिआवश्यक शिक्षक सङ्ख्या नहुनाले एउटै शिक्षकले धेरै घण्टी पढाउनु पर्ने बाध्यता छ । यस कारण

समय अभाव भई शैक्षिक सामग्री छनोट र प्रयोगमा समस्या देखिएको छ । एउटै शिक्षकले ७ घण्टीसम्म लगातार पढाउँदा कसरी शैक्षिक सामग्रीको व्यवस्थापन गरोस् । घण्टीभारका कारण थकानले शिक्षकहरू शैक्षिक सामग्रीको बारेमा सोच्न सम्म सकेका छैनन् । कम्तीमा १ पिरियड भए पनि खाली हुनसके त्यस समयमा आवश्यक व्यवस्थापन गर्न सकिन्थ्यो । संस्थागत विद्यालय तथा शुद्ध प्राथमिक तहका विद्यालयमा यो समस्या झनै विकराल देखिएको छ ।

### ४.१.३ शिक्षकसँग सम्बन्धित समस्या

कक्षाकोठामा शैक्षिक सामग्रीको प्रमुख प्रयोगकर्ता नै शिक्षक हो । शिक्षक आफ्नो पेशाप्रति जिम्मेवार नभएसम्म शैक्षिक सामग्रीको प्रयोगको हालको अवस्थामा सुधार ल्याउन सकिदैन । शिक्षकसँग सम्वन्धित समस्यालाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

#### ४.१.३.१ शिक्षकमा जवाफदेहिताको अभाव

हरेक शिक्षकमा आफ्नो पेशाप्रति उत्तरदायित्व र जवाफदेहिता हुनै पर्दछ । आफ्नो दिनचर्या बिताए जस्तो गरी शिक्षणपेशालाई अङ्गाल्न खोजियो भने त्यसबाट राम्रो प्रतिफल प्राप्त हुनै सक्दैन । शिक्षक पेशामुखी भएर आफ्नो पेशाप्रति जवाफदेही भएमा उसले शैक्षिक सामग्रीको प्रयोग स्वतः गर्दछ । जब शिक्षकले शिक्षणलाई पेशागत कर्तव्यका रूपमा स्वीकार्दैन तबसम्म शैक्षिक क्षेत्रमा सुधार ल्याउन सकिदैन । शैक्षिक सामग्रीप्रतिको मोह शिक्षकमा नदेखिनुले यस कुरालाई पुष्टि गर्दछ । नेपाली भाषालाई जति सक्दो बढी शैक्षिक सामग्रीको उपयोगबाट शिक्षण गर्न सकेमा शैक्षिक गुणस्तर वृद्धि हुने कुरामा कसैको दुईमत हुनसक्दैन । यसका लागि शिक्षकमा दायित्वबोध र जवाफदेही हुनु आवश्यक छ ।

#### ४.१.३.२ कमजोरी लुकाउने प्रयास

भाषा शिक्षण गर्ने कतिपय शिक्षककहरूमा आफ्ना कमजोरी लुकाउने बानी हुन्छ । उनीहरूमा रहेको भक्भकाउने, उच्चारणगत कमजोरी जस्ता कमजोरी हुन्छन् र ती कमजोरी लुकाउने प्रयास शिक्षकले गर्ने गरेको छ । कतिपय शिक्षककहरूमा अत्याधुनिक शैक्षिक सामग्री प्रयोगको सीप नहुँदा त्यो बाहिर आई आफ्नो जागिर नै जाने भयले त्यस्ता शैक्षिक सामग्री प्रयोग नै नगरेको अवस्था छ । शिक्षकमा ज्ञान, सीपको कमीका कारण यस्तो चिन्तनको विकास भएको हो । शिक्षकमा यसरी आफ्नै कमजोरी लुकाउने बानीले गर्दा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोग गर्न समस्या उत्पन्न हुन्छ ।

### ४.१.३.३ शैक्षिक सामग्रीप्रतिको बेवास्ता

सबै विद्यालयमा तालिम प्राप्त शिक्षककहरू छैनन् । तालिम अप्राप्त शिक्षककहरूमा शैक्षिक सामग्रीको बारेमा जानकारी पनि हुदैन । कालोपाटी र पुस्तकलाई नै सर्वोपरि ठान्ने शिक्षककहरूको बाहुल्यता छ । आफूमा त्यसबारे कुनै ज्ञान नभएका कारण पनि उनीहरूले शैक्षिक सामग्रीको प्रयोगमा वास्ता नगरेका हुनसक्छन् । नेपाली भाषा शिक्षणमा प्रयोग गर्न  सकिने धेरै सामग्रीको आविष्कार भएको अवस्थामा शिक्षकले त्यसको कुनै वास्ता नगरेकै कारण शैक्षिक सामग्रीको प्रयोगमा समस्या देखिएको छ । कतिपय शिक्षककहरूले भएका शैक्षिक सामग्रीलाई पनि प्रयोग गर्नमा ध्यान नदिएको अवस्था छ ।

### ४.१.३.४ परम्परागत धारणा

नेपाली भाषा शिक्षण गर्ने परम्परागत धारणामा यी विद्यालयहरूमा हालसम्म सुधार हुन सकेको पाइँदैन । शैक्षिक सामग्रीहरूको प्रयोग गरेको देखिदैन नि भनेर प्रश्न गर्दा शिक्षककहरूले पढाएर त भएन देखाएर हुन्छ ? भन्ने प्रतिप्रश्न गरेको पाइन्छ । देखाएको कुराले सुनाएको कुरा भन्दा बढी बुझ्न सक्ने धारणाको विकास यी शिक्षककहरूमा नभएको खेखिन्छ । संस्थागत धनी विद्यालयले पनि कतिपय अवस्थामा यसलाई आत्मसात गरेको देखिन्छ । विविध शैक्षिक सामग्री प्रयोग गरी कक्षालाई रोचक र आकर्षक बनाउन सकिन्छ तर परम्परागत धारणाले जरा गाडेको मानसिकतामा परिवर्तन गर्न निकै समस्या देखिएको छ । हिजोको शिक्षा नीतिसँगै तुलना गरेर शिक्षण गर्ने परम्पराले गर्दा वर्तमान समयसम्म आइपुग्दा शैक्षिक  सामग्री उपयोगका समस्या देखिएको छ । आजको वैज्ञानिक युगमा यस किसिमको शिक्षण पद्धति अङ्गाल्नु दुःखदायी कुरा भने अवश्य हो ।

### ४.१.३.५ दृष्टिकोणसँग सम्बन्धित समस्या

हाम्रो समाज र कतिपय विद्यालयहरूमा नेपाली भाषा शिक्षणलाई सकारात्मक दृष्टिकोण लिइएको पाइदैन । विद्यालयमा पढाइ हुने विषयहरूमध्ये नेपाली भाषा शिक्षणलाई सबै भन्दा सजिलो र हल्का विषयका रूपमा हेर्ने गरिन्छ । नेपाली भाषा शिक्षण जुनसुकै शिक्षकले पनि गर्नसक्छ भन्ने गलत धारणा सबै विद्यालयमा पाइन्छ र यो कुरा यी विद्यालयमा पनि लागू भएको पाइन्छ । नेपाली पढाउन पनि के शैक्षिक सामग्री चाहिन्छ र ? भन्ने गलत धारणाकै कारण यी विद्यालयहरूमा समस्या उत्पन्न भएका हुन् । नेपाली भाषा शिक्षकलाई दोस्रो दर्जाको शिक्षणका रूपमा हेरेर दरबन्दी मिलानमा समेत पक्षपात गरेको अवस्था छ । नेपाली भाषा शिक्षणलाई सबैभन्दा कमजोर विषयका रूपमा हेर्दा अन्य विषय समेत प्रभावित भएको जानकारी सम्बन्धित निकायमा छैन । हाल अंग्रेजी माध्यमका कक्षा सञ्चालन भइरहेको अवस्थामा सबै भन्दा उत्तम शिक्षक, उत्तम कक्षाकोठा र शैक्षिक सामग्री उपलब्ध गराउन सके नेपाली भाषा शिक्षण फलदायी हुने हो तर त्यसतर्फ सम्बन्धित निकायको ध्यान जान सकेको छैन ।

## ४.२ समस्या समाधानका उपाय

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको अवस्था बारे प्रस्तुत शोधकार्यको सामग्री सङ्कलनका क्रममा गुल्मी जिल्ला मध्ये निश्चित ७ विद्यालयको सर्वेक्षण एवम् अवलोकन गरिएको छ । यस सम्बन्धमा निर्दिष्ट विद्यालयका प्रत्येक भाषा शिक्षकहरूको कक्षा अवलोकन, प्रश्नोत्तर एवम् छलफल गरी सामग्री प्रयोग अन्तरगत के कस्ता समस्याहरू छन् र तिनलाई समाधान गर्ने उपायहरू के के होलान् भन्ने कुराको सुझावहरू सङकलन गरिएको छ । कुनै पनि समस्याको समाधानकालागि त्यसप्रति व्यक्ति र समाजको प्रतिवद्धता जरुरत पर्दछ । त्यस्तै नेपाली भाषा शिक्षणसँग सम्बन्धित समस्या समाधान गर्न विद्यालयका शिक्षक विद्यार्थी, प्रशासन, अभिभावक आदिको सामूहिक प्रयासको खाँचो पर्दछ । यसरी सबैको ऐक्यवद्धता र प्रतिवद्धता

भएमा जस्तोसुकै समस्या पनि समाधान गर्न सरल र सहज परिस्थिति सिर्जना हुन्छ । देखिएका समस्या समाधानका उपायहरूलाई निम्न अनुसार चर्चा गरिएको छ :-

### ४.२.१ आर्थिक पक्षसँग सम्बन्धित समस्याको समाधानका उपायहरू

विद्यालयमा आर्थिक अभावका कारण शैक्षिक सामग्रीको खरिद गर्न नसकेको अवस्था रहेकोले विद्यालय व्यवस्थापन समितिले वार्षिक बजेट तयार गर्दा बजेटको स्रोत खोजी अनिवार्य रूपमा निश्चित रकम शैक्षिक सामग्री खरिद गर्न योजना बनाउनु पर्दछ र भएको रकम शिक्षक तलब भत्ता मै खर्च हुने भएकोले शिक्षक दरबन्दी पूर्ण रूपमा विद्यालयमा दिने व्यवस्था मिलाइनु पर्दछ । सम्बन्धित निकायबाट प्रत्येक वर्ष सम्पूर्ण बजेटको कम्तीमा ५% रकम शैक्षिक सामग्री खरिदमा खर्च गर्नुपर्ने बाध्यात्मक नीति तय गरिनु पर्दछ । विद्यालयका कक्षाकोठाले शैक्षिक सामग्री प्रयोगमा समस्या देखाएकाले कक्षाकोठा प्रति विद्यार्थी ०.७५ वर्ग मिटरको बनाउनु पर्दछ । शैक्षिक सामग्री प्रदर्शन र सुरक्षाका दृष्टिकोणले पनि कक्षाकोठा उपयुक्त नदेखिएकोले सम्बन्धित निकायबाट यसको सुधारमा ध्यान दिनु आवश्यक छ । विद्यालयमा फर्निचरको व्यवस्था, भाषा प्रयोगशाला, पुस्तककालय, आधुनिक शैक्षिक सामग्रीको पूर्ण व्यवस्था नभएसम्म देखिएका समस्या समाधान हुन सक्दैनन् ।

### ४.२.२ प्रशासनिक क्षेत्रमा देखिएका समस्याको समाधानको उपायहरू

शिक्षण संस्थालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न नियमित निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाउनु पर्दछ । यसो गरेमा शिक्षकले आफ्ना कमिकमजोरी थाहा पाई सुधार गर्ने मौका पाउँछ । शिक्षकलाई शैक्षिक सामाग्री निर्माण र प्रयोग सम्बन्धमा सीप विकास गर्नका लागि आवश्यक तालिमको व्यावस्था गरिनु पर्दछ । शिक्षणका लागि शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग सन्दर्भमा विकास भएका नवीनतम् प्रविधिको बारेमा जानकारी दिन गोष्ठी सेमिनारमा सहभागी गराउनु पर्दछ । शिक्षकको राम्रो र नराम्रो कामको मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था मिलाउनु पर्दछ । शिक्षक आफ्नो

कामप्रति जवाफदेही भएन भने शैक्षिक सामग्रीको सङ्कलन र प्रयोगमा पनि लाग्दैन । शिक्षकहरूलाई आफ्नो पेशाको स्थायित्वको सुनिश्चितता नभएका कारण पनि शैक्षिक सामग्रीको प्रयोगमा समस्या  देखिएकाले शिक्षकलाई क्रमशः स्थायी गर्ने परिपाटीमा लैजानु पर्दछ । संस्थागत विद्यालयले पनि यस कुरामा ध्यान दिन आवश्यक छ । १८/२० वर्ष सम्म स्थायी शिक्षक नियुक्तिका लागि विज्ञापन नखुल्दा यस अवस्थाको सृजना भएको हो । शिक्षकको सेवा सुविधामा वृद्धि गर्न सके पनि यसमा सुधार हुने देखिन्छ । न्यून तलब भत्तामा काम गर्ने शिक्षकले आफ्नो शिक्षण भन्दा अन्य पेशालाई बढी ध्यानदिनु पर्ने बाध्यता भएका कारण शैक्षिक सामग्रीका साथ कक्षाकोठामा प्रवेश गर्ने वातावरण नबनेको हो । अध्ययनको क्रममा जुन शिक्षक अस्थायी र निजीस्रोतमा काम गरिरहेको छ, उसैलाई सबैभन्दा बढी घण्टीमा थोपरिएको पाइन्छ । आफ्नो पाठ भारका कारण चाहेर पनि शैक्षिक सामग्रीको व्यवस्थापन गर्न नसकेको पाइएकोले त्यसतर्फ सम्बन्धित निकायको ध्यान गई पाठभार समानुपातिक बनाउनु पर्दछ । त्यसैगरी प्राथमिक विद्यालयमा आवश्यक न्यूनतम् दरबन्दी समेत पूरा नहुँदा शिक्षकले कक्षा कसरी चलाउने भन्ने मै ध्यान दिएको छ । विद्यालयमा खरिद गरेर ल्याउनु पर्ने आवश्यक सामग्रीको समेत अभाव देखिएकाले शैक्षिक सामग्री प्रयोगमा समस्या देखिएकोले कक्षाकोठामा विद्यार्थीको चाप न्यून गराउनु पर्दछ । एउटा निश्चित मापदण्ड तोकेर सो भन्दा बढी विद्यार्थी राखेर पढाउने विद्यालयलाई निरुत्साहित गरिनु पर्दछ ।

### ४.२.३ शिक्षकसँग सम्बम्धित समस्याको समााधान

शिक्षकसँग सम्बन्धित समस्याको समाधानकालागि सबैभन्दा पहिले शिक्षकले आफ्नो उत्तरदायित्व के हो भन्ने बुझ्नु पर्दछ । आफ्नो उत्तरदायित्व बुझ्नासाथ धेरै समास्याको समाधान हुनजान्छ । आफूले आफूलाई बुझेर शिक्षणकार्यमा सक्रिय भएर लाग्नु पर्दछ । शिक्षकमा भएका गलत प्रवृत्ति अन्त्य हुनुपर्दछ । शिक्षणसँग शिक्षकको प्रतिष्ठासमेत गाँसिने भएकाले शिक्षकले आफ्नो कर्तव्य पथमा इमान्दारितापूर्वक हिड्न सक्नुपर्दछ ।  शिक्षकले आफ्नो शिक्षणकार्यका सन्दर्भमा कक्षाकोठाभित्र उच्चतम शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ । शैक्षणिक योजना अन्तरगतको दैनिक पाठयोजना तयारीका साथ कक्षाकोठामा प्रवेश गर्न सकेमा पनि यो समस्या समाधान हुन सक्छ । थकान मेटाउन कक्षामा प्रवेश गरे जस्तो पाराले कक्षाशिक्षण गर्न शिक्षकहरू उद्दत

हुन्छन् भने यसमा सुधार कदापि हुँदैन । शैक्षिक सामग्रीप्रति देखिएको अविश्वास अन्त्य गर्न सक्नु पर्दछ । शैक्षिक सामग्रीको प्रयोगले शिक्षणमा सजकता ल्याउँछ र तोकिएको उद्देश्यमा पुग्न सजिलो हुन्छ भन्नेमा सवै सचेत हुन आवश्यक छ । पढाएर त भएन अब देखाएर हुन्छ भन्ने मानसिकता शिक्षकले त्याग्नु पर्दछ । आफ्नो कमिकमजोरी लुकाउन शैक्षिक सामग्रीको प्रयोग नै नगर्ने गलत मानसिकताको अन्त्य हुनुपर्दछ । कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग नै नगर्ने शिक्षकलाई कार्वाही नै गर्न सक्नुपर्दछ । परम्परागत शिक्षण पद्धतिमा सुधार ल्याउनु पर्दछ । कण्ठ गर्ने गराउने प्रवृत्तिको अन्त्य भएमा समेत यस समस्याको समाधानमा टेवा पुग्दछ ।

### ४.२.४ दृष्टिकोणसँग सम्बन्धित समस्याको समाधान

हाम्रो समाजमा नेपाली विषयप्रति हेरिने दृष्टिकोण नकारात्मक हुँदा राष्ट्रभाषाको विकास सोचेअनुसार हुन सकेको छैन । नेपाली भाषालाई समयानुकूल सुधार गर्न यसलाई हेरिने दृष्टिकोणमा परिवर्तन ल्याउनु जरुरी छ । नेपाली भाषा जुनसुकै विषय पढेकाले पनि पढाउन सक्छ भन्ने गलत मानसिकताको अन्त्य हुनु पर्दछ । नेपालका हरेक विद्यालयले नेपाली भाषालाई नै माध्यम भाषाका रूपमा लिएर शिक्षण गर्नु पर्दछ । अन्य विषय सरह नेपाली भाषालाई नै प्राथमिकता दिएर दरवन्दी मिलान गर्नु पर्दछ । नेपाली भाषा शिक्षण गर्ने शिक्षकको आत्मवल वढाउन शिक्षा प्रशासन तथा अभिभावकबाट पनि सहयोग हुनु पर्दछ । नेपालको राष्ट्रभाषा शिक्षण गर्ने शिक्षकलाई झनै प्राथमिकताको क्रममा राख्नु पर्दछ । अन्य भाषा सरह यस भाषालाई पनि मान्यता दिन सकेपनि यो समस्याको समाधान हुन सक्छ ।

## ४.३ निष्कर्ष

माथिका समस्या र समाधानका उपायलाई केलाउँदा आजको फरक विश्वपरिवेशमा पनि हाम्रा विद्यालयका शिक्षण पद्धतिमा सुधार गर्न नसकिएको यथार्थ छर्लङ्ग हुन्छ । शैक्षिक सामग्री प्रयोग गर्नु पर्छ भन्ने मानसिकता पाइए पनि त्यसलाई शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेको अवस्था पाइएन ।

भएका शैक्षिक सामग्रीको स्याहार र प्रयोगमा ध्यान नदिएका कारण हाम्रा कक्षाकोठाहरू निरस बन्दै गइरहेका छन् । कतिपय विद्यालयमा शैक्षिक सामग्रीको पर्याप्तता नभएको कुरा अघिल्ला परिच्छेदमा उल्लेख भइसकेको छ । संस्थागत विद्यालयहरूले अभिभावकबाट शुल्कको रूपमा उठाएको रकम केवल शिक्षक तलब भत्तामा र बाँकी रकम नाफाका रूपमा बाँड्ने गरेकाले अत्याधुनिक शैक्षिक सामग्री खरिद नगरेको अवस्था विद्यालयमा रहेको छ । शिक्षकहरूलाई शैक्षिक सामग्री सङ्कलन, निर्माण, प्रयोग सम्बन्धमा तालिम उपलब्ध गराउने, पुनर्ताजगी तालिमको व्यवस्था गर्ने जस्ता शैक्षिक लगानी सरकार तथा सरोकारवालाबाट हुन आवश्यक देखिन्छ । यसको साथसाथै अनुगमन र मूल्याङ्कनलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने हो भने मात्र शैक्षिक सामग्रीको प्रयोगमा व्यापकता आउन सक्छ । शिक्षकलाई उसको कार्यदक्षताका आधारमा पुरस्कार र दण्ड गर्ने व्यवस्था मिलाउनु पर्दछ । नियममा भए पनि कार्यान्वयनमा नभएका कारण यस्तो अवस्था आएको हो । कक्षाकोठामा प्रवेश गर्दा कम्तीमा शिक्षण योजना तयार गरी आवश्यक शैक्षिक सामग्रीका साथ प्रवेश गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसले पनि शैक्षिक सामग्रीको प्रयोगमा देखिएको समस्या समाधान गर्न टेवा पुऱ्याउन सक्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

हालको शिक्षण प्रकृया केवल व्याख्यान विधिमा आधारित छ । जवसम्म हामी यो परम्परागत धारणाबाट माथि उठ्न सक्दैनौं तबसम्म हामीले खोजेको शैक्षिक उपलब्धि हासिल गर्न सक्दैनौं । भाषा शिक्षण निरस बन्दै गइरहेको वर्तमान परिप्रेक्षमा शिक्षणलाई प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य छ । भएका शैक्षिक सामग्री पनि प्रयोग नगर्ने बानीमा परिवर्तन ल्याई शैक्षिक सामग्रीको उच्चतम् उपयोग गरी भइरहेको शैक्षिक क्षतिलाई न्यूनिकरण गर्नु पर्दछ । शैक्षिक सामग्रीको प्रयोग गर्न सकेमा शिक्षण सिलसिलाबद्ध रूपमा अघि बढ्ने र तार्किक ढङ्गले चिन्तन मनन गर्ने बानीको विकास हुन्छ । प्रस्तुत शोधकार्यका लागि गरिएको विद्यालय सर्वेक्षण, शिक्षक, विद्यार्थी, प्रधानाध्यापकसँगको छलफल, अन्तर्वार्ता तथा कक्षा अवलोकनबाट प्राप्त निष्कर्षलाई यहाँ प्रस्तुत गरिएको छ ।

१. विद्यालयमा आर्थिक स्रोतसाधन नभएका कारण शैक्षिक सामग्री सङ्कलन र प्रयोगमा समस्या रहेको पाइन्छ ।
२. तालिमप्राप्त शिक्षक भए पनि शैक्षिक सामग्री निर्माण, सङ्कलन र प्रयोगमा दक्षता नभएका कारण शैक्षिक सामग्रीको प्रयोगमा चुनौति नै देखिन्छ ।
३. सम्बन्धित निकायबाट विद्यालयको नियमित अवलोकन र निरीक्षण तथा कक्षा अवलोकन गरी पृष्ठपोषण दिने कार्य नभएका कारण शिक्षकहरू परम्परागत ढङ्गबाट शिक्षण गरिरहेका छन् ।
४. विद्यार्थीको चापका कारण वर्ग विभाजन गर्नुपर्ने तर त्यसका लागि थप शिक्षक दरबन्दी नहुँदा ठूलो कक्षा मै शिक्षण गर्नु पर्ने वाध्यताका कारण शैक्षिक सामग्रीको प्रयोगमा समस्या उत्पन्न भएको छ ।
५. नेपाली भाषा शिक्षण जुनसुकै शिक्षकले पनि गर्न सक्छ भन्ने धारणाले नेपाली भाषा शिक्षण गर्ने शिक्षकमा हीनताबोध उत्पन्न भएको छ ।
६. शिक्षकहरूमा शैक्षिक सामग्री केवल बजारबाट खरिद गरिएका हुन् भन्ने गलत धारणा छ । स्थानीय स्रोतसाधन पनि शैक्षिक सामग्री बन्न सक्छ भन्ने धारणा विकास नहुँदा शैक्षिक सामग्री प्रयोगमा समस्या देखिएको छ ।

७. शिक्षकहरूलाई अत्यधिक घण्टी भारका कारण कसरी शिक्षण कार्य गर्ने भन्दा पनि कसरी सिध्याउने भन्ने मै शिक्षकहरू रुमलिएको पाईन्छ ।

८. विभिन्न तरिकाबाट शैक्षिक सामग्री सङ्कलन गर्न सकिने भए पनि कतिपय विद्यालयमा शैक्षिक सामग्रीको नमूना समेत पाइएन ।

९. कतिपय शिक्षकलाई शैक्षिक सामग्रीको प्रयोगले आफ्नो शिक्षणकार्य सरल बन्छ भन्ने कुराको बोध नहुँदा पनि यहाँ समस्या रहेको छ ।

१०. शिक्षकले आफ्नो कमजोरी लुकाउन खोज्ने स्वभावले गर्दा शैक्षिक सामग्रीको प्रयोगमा समस्या देखिएको छ ।

११. आधुनिक वैज्ञानिक शैक्षिक सामग्रीको बारेमा शिक्षकहरूलाई जानकारी नभएका कारण पनि यहाँ यस्तो समस्या रहेको हो ।

१२. निरसमय नेपाली भाषा र व्याकरण शिक्षणलाई शैक्षिक सामग्रीको प्रयोगले रसमय बनाउने तर शैक्षिक सामग्रीको प्रयोगविना नै शिक्षकहरू शिक्षण गर्न लालायित हुने कार्यले यहाँ समस्या सृजना गरेको पाइन्छ ।

१३. शिक्षक निर्देशिका जस्तो अत्यावश्यक शैक्षिक सामग्री पनि विद्यालयमा नहुँदा शैक्षिक सामग्रीको प्रयोगमा समस्या देखिएको छ ।

१४. शैक्षिक सामग्रीको व्यवस्था गर्ने विद्यालय र शिक्षकको उचित मूल्याङ्कन गर्न नसकिएको अवस्था छ । यो पनि एउटा कारण बनेको छ ।

१५. शिक्षकहरू पाठयोजनाको पूर्ण तयारीविना कक्षाकोठामा प्रवेश गरेका हुनाले र शिक्षण पेशालाई दोस्रो पेशाका रूपमा हेर्ने गरेकाले पनि शैक्षिक सामग्रीको प्रयोग न्युन रूपमा भएको हो ।

१६. प्रस्तुत अध्ययनका क्रममा शिक्षकको कुरा गराइ र काम गराइमा एकरूपता  पाइदैन ।

१७. समयानुसार पाठ्यक्रम र पाठ्यपुस्तकको परिमार्जन गर्न नसक्नाले पनि समस्या ज्यूँ का त्यूँ रहेको छ ।

१८. हरेक विद्यालयमा व्याख्यान विधिले जरा गाडेको छ तर त्यसलाई सुधार गर्न न त शिक्षक न त अन्य निकाय सक्रिय रहेको पाइन्छ ।

## ५.२ सुझाव

जुनसुकै विषय अध्यापन गर्न शैक्षिक सामग्री चाहिन्छ नै । त्यसमा पनि नेपाली भाषा शिक्षणमा यो अत्यावश्यक छ । भाषिक सीप विकासका लागि शैक्षिक सामग्री प्रयोग गर्न अत्यावश्यक छ । केवल व्याख्यान विधिलाई अनुसरण गरेर भाषिक सीप विकास असम्भव प्राय छ । नेपाली भाषा शिक्षण गर्न सामग्री छैन, सङ्कलन गर्न सकिदैन र प्रयोग गर्न जानिदैन भन्ने कुराबाट भाषा सिकाइ प्रभावकारी र उपलब्धिमूलक बन्न सक्दैन । विना योजना हचुवाका भरमा व्याख्यान विधिबाट कुनै पनि हालतमा सोंचिएका उपलब्धि हासिल गराउन सकिदैन । आजको वैज्ञानिक युगमा पनि प्रयोगात्मक विधिलाई अवलम्वन गर्न नसक्नु दुःखलाग्दो कुरा हो । माथि देखिएका समास्या समाधान गर्न भाषा शिक्षक र अन्य निकाय एकजुट भएर लाग्नु पर्दछ । भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य भएकाले यसका लागि सम्वन्धित निकायबाट निर्वाह गर्नुपर्ने कर्तव्य तथा दायित्वलाई सुझावका रूपमा निम्न वमोजिम प्रस्तुत गरिएको छ ।

१. कमजोर आर्थिक अवस्थाका कारण शैक्षिक सामग्रीको प्रयोग गर्न कठिनाई देखिएकाले सरकारले विद्यालयलाई शैक्षिक सामग्री खरिदका लागि निकासा दिनु पर्दछ र त्यसको सही कार्यान्वयन भए नभएको अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
२. निजी विद्यालयले आफ्नो आम्दानीको निश्चित रकम अनिवार्यरूपमा शैक्षिक सामग्रीको खरिदमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
३. शिक्षकहरूलाई शिक्षकको पेशागत विकास तालिममा शैक्षिक सामग्री निर्माण, सङ्कलन तथा प्रयोग सम्बन्धमा छुट्टै तालिम प्याकेजको निर्माण गरी तालिम दिने व्यवस्था मिलाउनु पर्दछ ।
४. शिक्षकको सही मूल्याङ्कन गरी शैक्षिक सामग्री निर्माण, सङ्कलन र प्रयोग गर्ने शिक्षकलाई पुरस्कार र नगर्ने शिक्षकलाई दण्डको व्यवस्था गर्नुपर्दछ ।
५. शिक्षकलाई कक्षाभार कम तथा विद्यार्थी चाप कम हुने गरी कक्षाकोठाको व्यवस्थापन गर्न सक्नुपर्दछ ।
६. कक्षाकोठामा शैक्षिक सामग्री राख्न मिल्ने र प्रदर्शनमा कुनै वाधा नपुग्ने कक्षाकोठाको व्यवस्थापन गर्नु पर्दछ ।
७. शिक्षकलाई आफ्नो जिम्मेवारी गहन रूपमा वहन गर्न सक्ने बनाउनु पर्दछ र बन्नु पनि पर्दछ ।

८. नेपाली भाषा शिक्षकलाई दास्रो दर्जाको ठान्ने सङ्कुचित धारणालाई परिवर्तन गरी त्यसलाई विशेष शिक्षणको रूपमा हेरिनु पर्दछ ।

९. आफ्नो ज्ञानको अभाव तथा आफ्नो कमजोरी देखिन्छ कि भनेर डराउने शिक्षकलाई शैक्षिक सामग्रीको बारेमा तालिम दिई उनीहरूलाई शैक्षिक सामग्री प्रयोग गर्ने तर्फ उत्प्ररित गर्नु उचित हुन्छ ।

१०. वर्तमान समयमा विकसित भएका अत्याधुनिक श्रव्य-दृश्य समाग्रीको प्रयोग गरी शिक्षण गर्नेतर्फ शिक्षकको ध्यानाकर्षण गराउन आवश्यक तालिमको व्यवस्था मिलाउनु पर्दछ । यसबाट कोरा व्याख्यान विधिबाट विद्यार्थीलाई हुनजाने क्षतिको अन्त्य हुन जान्छ ।

११. शैक्षिक सामग्रीको प्रयोगले कक्षाकोठालाई अन्तरक्रियापूर्ण, रोचक र रसमय बनाउने हुँदा पाठ्यक्रममै त्यस्ता शैक्षिक सामग्रीको अनिवार्यता समावेश गरिनु पर्दछ ।

१२. स्थानीय रूपमा उपलब्ध हुने शैक्षिक सामग्रीलाई उपयोगमा ल्याउने वातावरण बनाउन सम्बन्धित निकायबाट अनुगमन गर्न आवश्यक छ ।

१३. पाठ्यक्रममा समयसापेक्ष परिवर्तनको आवश्यक छ  र त्यसै अनुसार पाठ्यपुस्तकको विकास गर्ने व्यवस्था मिलाउन आवश्यक छ ।

१४. अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाउनु पर्दछ ।

१५. शिक्षण पेशालाई पहिलो पेशाको रूपमा सबैले स्वीकार्ने वातावरण बनाउनु पर्दछ ।

१६. शिक्षकलाई आफ्नो पेशाको सुनिश्चितता हुने वातावरण सृजना गर्नु पर्दछ । कतिबेला पेशाबाट हात धुनु पर्ने हो भन्ने अन्यौलता नरहने व्यवस्था मिलाउनु पर्दछ ।

१७. नेपाली भाषा शिक्षकमा रहेको हीनताबोधको अन्त्य पनि हुन आवश्यक छ ।

## ५.३ प्रस्तुत शोधपत्रको शैक्षिक प्रयोजन

आफूले गरेको अनुसन्धानले भावी दिनमा शैक्षिक क्षेत्रमा केही न केही योगदान देओस् भन्ने अपेक्षा सबैको हुन्छ । सोही अनुसार प्रस्तुत "गुल्मी जिल्लाको प्राथमिक तहमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीहरूको अध्ययन" सम्बन्धी शीर्षकको शोधपत्र अध्ययनबाट निम्न अनुसारको शैक्षिक प्रयोजनको अपेक्षा गरिएको छ ।

१. शिक्षकलाई पाठ्यवस्तु अनुसारका शैक्षिक सामग्री उपयोग गर्नमा प्रेरणा मिल्न सक्छ ।
२. शैक्षिक सामग्री सम्बन्धमा गरिने खोज अनुसन्धानलाई यसले सहयोग गर्न सक्ने छ ।
३. शैक्षिक सामग्रीको सङ्कलन र प्रयोगका क्षेत्रमा सुधार ल्याउन सम्बन्धित निकायलाई सुझाव प्राप्त हुनेछ ।
४. शिक्षकलाई तालिम प्रदान गर्न र तालिम लिएका शिक्षकलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गर्न सहयोग गर्नेछ ।
५. शैक्षिक सामग्रीको जानकारी लिई विषयवस्तु अनुसार शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा उच्चतम् सिकाइ उपलब्धि हासिल गराउन मद्दत गर्नेछ ।
६. अत्याधुनिक शैक्षिक सामग्रीको बारेमा सम्बन्धित निकायलाई जानकारी लिन सहयोग गर्नेछ ।
७. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका निर्मातालाई पाठ्यवस्तु अनुसार शैक्षिक सामग्रीको छनोट गर्न सहयोग प्रदान गर्नेछ ।
८. शैक्षिक सामग्रीका सन्दर्भमा समस्या परेका विद्यालय, शिक्षक तथा सम्बन्धित व्यक्तिलाई समाधानका उपाय पहिल्याउन मद्दत पुग्नेछ ।

## ५.४ भावी अनुसन्धानका निम्ति सम्भाव्य शोध शीर्षकहरू

१. कक्षागतरूपमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको एक अध्ययन
२. संस्थागत विद्यालयमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था एक अध्ययन

३. उच्च मा. वि. तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

४. क्याम्पस तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था

५. सरकारी तथा निजी विद्यालयमा शैक्षिक सामग्री उपयोगको तुलनात्मक अध्ययन

६. मा. वि. तथा नि. मा. वि. तहमा शैक्षिक सामग्री उपयोगको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०६३), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खतिवडा, राधारमण (२०६१), **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग सम्बन्धी एक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि., महेन्द्ररत्न क्याम्पस ।

खत्री, यज्ञबहादुर, (२०६४), **दोलखा जिल्लाका कक्षा ८ मा नेपाली भाषाशिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

खनाल, तोयानाथ (२०५५), **कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूको अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

गौतम, रामप्रसाद (२०६१), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

घिमिरे, विष्णु (२०५३), **कक्षा १, २ र ३ मा नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली, राजेन्द्र, (२०६७), गुल्मी जिल्लाका माध्यमिक तहमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि., तानसेन बहुमुखी क्याम्पस, पाल्पा ।

ढकाल, शान्तिप्रसाद (२०६६), **नेपाली भाषाशिक्षण परिचय र प्रयोग**, काठमाडौं : शुभकामना प्रकाशन ।

**नेपाली शिक्षक निर्देशिका** (२०६४), कक्षा १, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

__________________(२०६५), कक्षा २, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

__________________(२०६६), कक्षा ३, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

__________________(२०६७), कक्षा ४, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

__________________(२०६८), कक्षा ५, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, नेत्रप्रसाद (२०६६), **नेपाली भाषाशिक्षण**, काठमाडौं : पैरवी प्रकाशन ।

**प्राथमिक शिक्षा पाठ्यक्रम** (२०६५), कक्षा ४-५, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

____________ , (२०६५), **सामाजिक तथा मनोभाषाविज्ञान**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, ज्ञानप्रसाद (२०५५), **कक्षा १ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि., महेन्द्ररत्न क्याम्पस ।

भुषाल, निमानन्द, (२०५९), **अर्घाखाँची जिल्लाको मा.वि. तह नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको उपयोगको वर्तमान स्थिति**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

मुडवरी, नवराज, (२०६८), **स्वास्थ्य शिक्षामा आधुनिक उपागमहरू,** काठमाडौं : जुपिटर पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

राई, दिलभक्त (२०६७), **खोटाङ जिल्लाका प्रा.वि तहमा नेपाली शिक्षणका सन्दर्भमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति : एक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

रेग्मी, नगेन्द्रप्रसाद, (२०५४), **शैक्षिक सामग्री उपयोग एक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर प्राक्टिकम, त्रि.वि. कीर्तिपुर ।

लम्साल, रामचन्द्र, (२०६२), **नेपाली भाषाशिक्षण**, काठमाडौं : भूडीपूराण प्रकाशन ।

लामिछाने, यादव प्रकाश (२०६४), **नेपाली भाषाशिक्षण परिचय**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद, (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

**शिक्षक मासिक**, (वर्ष ३, पूर्णाङ्क २८, साउन, २०६७), हात्तीवन, ललितपुर : जगदम्बा प्रेस ।

श्रेष्ठ, लक्ष्मीमाया (२०६४), **गोरखा जिल्लाका प्रा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको वर्तमान स्थिति : एक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा** (२०६५), कक्षा १०, नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

## परिशिष्ट : 'क'

## प्रस्तुत शोध कार्य सम्पन्न गर्नका लागि छनोट गरिएका विद्यालयहरूको विवरण सङ्कलन फाराम

**(क) भौतिक सुविधा**

| क्र. | विद्यालयको नाम | विद्यालयको किसिम | | भवन | | खाने | विद्युत | कक्षाकोठा | | डेक्सबेन्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | | सामुदायिक | संस्थागत | कच्ची | पक्की | पानी | | पर्याप्त | अपर्याप्त | पर्याप्त | अपर्याप्त | |
| १ | श्री काब्रेपोखरी मा. वि. | | | | | | | | | | | |
| २ | श्री थाक्सीपोखरा मा. वि. | | | | | | | | | | | |
| ३ | श्री सिद्धबाबा उ. मा. वि. | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | श्री उपल्लोतम्घास मा. वि. | | | | | | | | | | | |
| ५ | श्री रैनादी प्रा. वि. | | | | | | | | | | | |
| ६ | श्री रिडर्स प. हाई स्कूल | | | | | | | | | | | |
| ७ | श्री खड्कदेवी ई. बो. स्कूल | | | | | | | | | | | |

**(ख) आर्थिक पक्ष**

| क्र. | विद्यालयको नाम | विद्यालयको किसिम | | स्वीकृत तह | निजीस्रोत तह | आर्थिक अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सं. | | सामुदायिक | संस्थागत | | | सवल | दुर्वल | |
| १ | श्री काब्रेपोखरी मा. वि. | | | | | | | |
| २ | श्री थाक्सीपोखरा मा. वि. | | | | | | | |
| ३ | श्री सिद्धबाबा उ. मा. वि. | | | | | | | |
| ४ | श्री उपल्लोतम्घास मा. वि. | | | | | | | |
| ५ | श्री रैनादी प्रा. वि. | | | | | | | |
| ६ | श्री रिडर्स प. हाई स्कूल | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | श्री खड्कदेवी ई. बो. स्कूल | | | | | | | |

### (ग) विद्यार्थी संख्या र कक्षाकोठा व्यवस्थापन

| क्र.सं. | विद्यालयको नाम | | सेक्सन | कक्षा | | | | | विद्यार्थी चाप | | डेक्सबेन्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छ/छैन | १ | २ | ३ | ४ | ५ | छ | छैन | पर्याप्त | अपर्याप्त | |
| १ | श्री काब्रेपोखरी मा. वि. | छात्रा | | | | | | | | | | | |
| | | छात्र | | | | | | | | | | | |
| २ | श्री थाक्सीपोखरा मा. वि. | छात्रा | | | | | | | | | | | |
| | | छात्र | | | | | | | | | | | |
| ३ | श्री सिद्धबाबा उ. मा. वि. | छात्रा | | | | | | | | | | | |
| | | छात्र | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | श्री उपल्लोतम्घास मा. वि. | छात्रा | | | | | | | | | | | |
| | | छात्र | | | | | | | | | | | |
| ५ | श्री रैनादी प्रा. वि. | छात्रा | | | | | | | | | | | |
| | | छात्र | | | | | | | | | | | |
| ६ | श्री रिडर्स प. हाई स्कूल | छात्रा | | | | | | | | | | | |
| | | छात्र | | | | | | | | | | | |
| ७ | श्री खड्कदेवी ई. बो. स्कूल | छात्रा | | | | | | | | | | | |
| | | छात्र | | | | | | | | | | | |

**(घ) शोध विद्यालयका शिक्षकहरूको शैक्षिक स्थिति**

| क सं. | विद्यालयको नाम | शिक्षकको नाम | विद्यालयको अवस्था | शैक्षिक योग्यता | तालिम | स्थायी/अस्थायी | सेवावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री काब्रेपोखरी मा. वि. | | | | | | | |
| २ | श्री थाक्सीपोखरा मा. वि. | | | | | | | |
| ३ | श्री सिद्धबाबा उ. मा. वि. | | | | | | | |
| ४ | श्री उपल्लोतम्घास मा. वि. | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | श्री रैनादी प्रा. वि. | | | | | | | |
| ६ | श्री रिडर्स प. हाई स्कूल | | | | | | | |
| ७ | श्री खड्कदेवी ई. बो. स्कूल | | | | | | | |

**(ङ) शोध विद्यालयमा शैक्षिक सामग्री उपयोगको अबस्था**

| क.सं. | विद्यालयको नाम | दैनिक प्रयोगका सामग्री प्रयोग गरिन्छ/गरिदैन | सामग्री प्रयोगले सिकाइकमा प्रभाव | सामग्री उपलब्धताको स्रोत | अन्य सामग्री प्रयोगको आबस्था | विद्यालयमा भएका अन्य सामग्री |
|---|---|---|---|---|---|---|
| १ | श्री काब्रेपोखरी मा. वि. | | | | | |
| २ | श्री थाक्सीपोखरा मा. वि. | | | | | |
| ३ | श्री सिद्धबाबा उ. मा. वि. | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | श्री उपल्लोतम्घास मा. वि. | | | | | |
| ५ | श्री रैनादी प्रा. वि. | | | | | |
| ६ | श्री रिडर्स प. हाई स्कूल | | | | | |
| ७ | श्री खड्कदेवी ई. बो. स्कूल | | | | | |

## परिशिष्ट : 'ख'

## नेपाली भाषा शिक्षकका लागि प्रश्नावली

१) तापाईंले दैनिकरूपमा शैक्षिक सामग्रीको प्रयोग गर्नु भएको छ ?

क. छ　　　　　　　ख. छैन

२) यदि प्रयोग गर्नु भएको छ भने कुन स्रोतबाट प्राप्त गरी प्रयोग गर्नु भएको छ ?

क. आफै बनाएर　　　　　　　　ख. बजारबाट किनेर

ग. विद्यार्थीलाई बनाउन लगाएर　　　घ. कालोपाटीमा लेखेर

३) यदि प्रयोग गर्नु भएको छैन भने किन ?

क. अल्छी लागेर　　　　　　ख. थाहा नभएर

ग. उपलब्ध नभएर　　　　　घ. वातावरण अनुकूल नभएर

४) तपाईंको विद्यालयमा शैक्षिक सामग्रीको अबस्था कस्तो छ ?

क. छदैछैन　　　ख. सामान्य　　　ग. मध्यम　　　घ. पर्याप्त

५) उपलब्ध शैक्षिक सामग्री कति उपयोगी छन् ?

क. छदैछैन　　　ख. सामान्य　　　ग. मध्यम　　　घ. पर्याप्त

# व्यक्तिवृत्त



नाम :- तेजेन्द्र खड्का

जन्ममिति :- वि.सं. २०३६/०६/१५

स्थायी ठेगाना :- जुभुङ-२, गुल्मी

पिता :- ज्ञानबहादुर खड्का

माता :- जानकी खड्का

नागरिकता :- नेपाली

पेशा :- शिक्षण

सम्पर्क नं. :- ९८५७०६१६०१

**शैक्षिक योग्यता :**

| तह | वर्ष | बोर्ड | शिक्षण संस्थाको नाम | श्रेणी |
|---|---|---|---|---|
| एस्.एल.सी. | २०५१ | एच्. एम्. जी. | श्री ज्ञानोदय मा.वि., तुराङ | तृतीय |
| १०+२ | २०५४ | उ.मा.शि.प. | रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी | द्वितीय |
| बी. एड्. | २०५८ | त्रि.वि. | बुटबल बहुमुखी क्याम्पस, रूपन्देही | द्वितीय |
| एम्. एड्. | २०६९ | त्रि.वि. | तानसेन बहुमुखी क्याम्पस तानसेन पाल्या | अध्ययनरत |

पेशा : वि.सं. २०५५ देखि हालसम्म श्री काब्रेपोखरी मा.वि., जुभुङ्गमा अध्यापन ।